खण्ड तीन

# समाचार



समाचारवाचन गर्दै *हालचाल* संयोजक सञ्जीव अधिकारी (तस्बिरः मुकुन्द बोगटी)।

*अध्याय पाँच*

# काठमाडौँका एफएम रेडियोमा समाचारको अभ्यास

**कृष्ण अधिकारी**

## परिचय

घटनाहरूबारे जान्ने इच्छा सबैलाई हुन्छ । त्यसको पूर्ति सञ्चारका विभिन्न माध्यमले गरिरहेका हुन्छन् । २०४६ सालपछि नेपालमा निजी क्षेत्रमा सञ्चार माध्यमहरूको बढोत्तरी भएपछि एफएम रेडियो पनि त्यही लहरमा परेको छ । निजी क्षेत्रका एफएम रेडियोले समाचार प्रस्तुत गर्न थालेपछि यी रेडियोप्रति सार्वजनिक चासो बढेको देखिन्छ ।

नेपालमा एफएम रेडियोको स्थापना भएदेखि नै हरेक वर्षमा समाचार बुलेटिनको सङ्ख्या र रेडियो प्रसारणमा समाचारले ओगट्ने अवधि बिस्तार हुँदै गएको थियो । २०६१ माघ १९ का दिनसम्म पनि त्यो प्रक्रिया जारी नै थियो । हरेक घण्टा कुनै न कुनै एफएम रेडियोमा समाचार सुन्न पाइन्थे । समाचारप्रति श्रोताहरूको 'क्रेज' पनि बढ्दै थियो र यसै आधारमा स्टेसनले समाचारलाई प्राथमिकतामा राखेका थिए । यद्यपि समाचार प्रसारण गर्दै नगर्ने स्टेसन पनि केही थिए तर तिनको सङ्ख्या धेरै सानो थियो । २०६१ माघ १९ को शाही कदमअघि

उपत्यकामा प्रसारणमा रहेका १३ ओटा स्टेसनमध्ये ११ ओटाले मात्र समाचार प्रसारण गरिरहेका थिए ।[१] माघ १९ बाट समाचार प्रसारणमा बन्देज लगाइयो ।[२]

समाचार प्रसारण गर्ने उपत्यकाका ११ ओटा एफएम स्टेसनमध्ये समाचारको अध्ययनका लागि उपत्यकाका पाँचओटा रेडियो स्टेसनहरू– कान्तिपुर एफएम, रेडियो एचबीसी, इमेज एफएम, रेडियो सगरमाथा र मेट्रो एफएम छानिएका थिए । यीमध्ये कान्तिपुर एफएम, इमेज एफएम र रेडियो एचबीसी व्यापारिक रेडियोका रूपमा रहेका छन् भने रेडियो सगरमाथा र मेट्रो एफएम सामुदायिक प्रकृतिका रेडियो हुन् । यस अध्ययनमा उदाहरण दिने हिसाबले रेडियो सगरमाथा र कान्तिपुर एफएमलाई समेटिए पनि यीबारे विस्तृत विवरण पछिल्ला अध्यायमा (क्रमशः अध्याय ६ र ७ मा) समेटिएको छ । तर, बीच बीचमा यी दुई रेडियोको प्रसङ्ग पनि जोडिनेछ । तीनओटा एफएम रेडियो– इमेज एफएम, मेट्रो एफएम र रेडियो एचबीसीलाई भने विस्तृत रूपमा समेटिएको छ । २०६१ मङ्सिरदेखि सञ्चालनमा आएको रेडियो स्टेसन नेपाल एफएमको प्रसङ्गलाई पनि कतै कतै उल्लेख गरिएको छ । यस एफएम स्टेसनका सञ्चालकहरूले यसलाई पछि गएर समाचार मात्र प्रसारण गर्ने रेडियो अर्थात् 'न्यूज च्यानल' को रूपमा विकसित गर्ने सोचाइ राखेका थिए । यद्यपि प्रसारण थालेको दुई महिना पुग्दा नपुग्दै सीमित समाचार पनि बन्द गर्नुपर्ने परिस्थिति आइलाग्यो । दुई महिनाकै प्रसारणका आधारमा भए पनि समाचार च्यानलका रूपमा विकसित गर्ने सोचाइ राखेको एफएम रेडियोमा समाचारको स्थिति कस्तो थियो भनेर हेर्न यसलाई पनि अध्ययनमा पारिएको हो ।

## रेडियो समाचारको इतिहास

विश्व इतिहास हेर्दा छापा माध्यम सुरु भएको २३० वर्ष पछि मात्र रेडियोको जन्म भएको पाइन्छ । सन् १९२० को दशकमा रेडियोको परिचय सार्वजनिक भएको

---

[१] यसभित्र रेडियो नेपालसँग १०३ मेगाहर्ज भाडामा लिई प्रसारण हुँदै आएको बीबीसी विश्व सेवालाई समावेश गरिएको छैन ।

[२] नेपाल (रेन्बो) एफएमले राजाको जन्मोत्सव (२०६२ असार २३) कै दिनदेखि *राजधानी खबर* प्रसार गर्न थाल्यो । सूचना तथा सञ्चार मन्त्रालयले सरकारी निर्देशनविपरीत समाचार प्रसारण गरेबापत सो एफएमको इजाजतपत्र किन खारेज नगर्ने ? भनी मिति २०६२ साउन १९ गते पत्र पठायो । सो पत्रविरुद्ध नेपाल एफएम (रेन्बो) ले २०६२ साउन २३ गते सर्वोच्च अदालतमा रिट दायर गऱ्यो । सर्वोच्च अदालतका न्यायाधीश अनुपराज शर्माको एकल इजलासले 'मुद्दाको टुङ्गो नलागेसम्म प्रसारण इजाजत रद्द नगर्न र प्रसारणमा बाधा नपुऱ्याउन' २०६२ साउन २६ गते सरकारका नाममा अन्तरिम आदेश जारी गरेको थियो । यसबारे विस्तृत जान्नका लागि हेर्नुहोस् अध्याय ४ ।

हो । रेडियो प्रसारणका प्रारम्भिक समयदेखि नै समाचारका कार्यक्रमलाई स्थान दिन थालेको पाइन्छ । समाचार प्रसारण भने एफएम प्रविधिमा सन् १९७० को दशकमा भएको हो । एफएम रेडियोलाई प्रायः गरेर युरोप अमेरिकातिर सूचनामूलकभन्दा पनि मनोरञ्जनात्मक प्रस्तुतिको रूपमा लिने गरेको देखिन्छ । यसै गरी सन् १९७० कै दशकमा एसियाका मुलुकहरूमा सामुदायिक रेडियो प्रसारण हुन थालेको थियो । यसरी स्थापना गरिएका सामुदायिक रेडियोसँगै रेडियोमा बज्ने विषयवस्तुमा पनि नौलोपनको खोजी गरियो । फलस्वरूप सङ्गीतका ठाउँमा रेडियो फिचर र 'टक शो' का साथै मनोरञ्जन र सूचनाले त्यस्ता रेडियोहरूमा ठाउँ पाए । तर समाचार भने निकै कम हुन्थे (केथ र क्राउज सन् १९८६) ।

अमेरिकामा सन् १९२५ मा गरिएको अध्ययनमा सूचनामूलक कार्यक्रमले ११.५ प्रतिशत समय ओगटेको पाइयो । त्यसमा समाचारको हिस्सा जम्मा ०.७ प्रतिशत मात्र थियो । सङ्गीतले भने झन्डै ७२ प्रतिशत ओगटेको थियो (स्टर्लिङ र किट्रोज सन् १९७८: ७३) । सन् १९७० को दशकताका सूचनामूलक र समाचारका कार्यक्रमले ओगटेको प्रतिशत केही बढेको थियो । त्यति बेला सूचनामूलक कार्यक्रमको अंश झन्डै २० प्रतिशत र समाचारको अंश १२ प्रतिशत थियो । एफएम रेडियो आएपछि सुरुका वर्ष गीतसङ्गीतको वर्चश्व रह्यो भने पछि समाचार र समाचारमूलक कार्यक्रमले पनि ठाउँ पाएका थिए (केथ र क्राउज सन् १९८६) ।

नेपालको सन्दर्भमा २००३ सालमा पहिलोपटक रेडियो प्रसारणको सुरुआत हुँदा समाचार पनि प्रसारण भएको मानिन्छ । यद्यपि यसको पुष्टि गर्न गाह्रो छ । पछि २००७ मङ्सिर २९ देखि मुक्ति सेनाको अगुवाइमा भोजपुरबाट समाचार प्रसारणसहित क्रान्तिकारी रेडियो प्रसारण सुरु भएको नारदमुनि थुलुङ (२०४५: ९४) ले *बिर्सेका अनुहार: बिर्सन नसकेका घटनाह*रूमा व्यक्त गरेका छन् । मुक्तिसेनाको त्यही प्रसारणलाई २००७ माघ २० देखि क्रान्तिकारी योद्धा तारिणीप्रसाद कोइरालाले विराटनगरमा 'प्रजातन्त्र नेपाल रेडियो' का नाममा निरन्तरता दिएका थिए । यस स्टेसनको सुरुआत पनि समाचारबाट नै भएको थियो । त्यति बेला यस रेडियो स्टेसनमार्फत नेपाली, अङ्ग्रेजी, हिन्दी र नेवार गरी चार भाषामा समाचार दिने गरिन्थ्यो (कोइराला २०६१, प्रधान २०६१) । २००७ सालमा नै मुक्ति सेनाको रेडियो प्रसारणको जबाफमा तत्कालीन प्रधानमन्त्री मोहन शमशेरले पनि रेडियो प्रसारण सुरु गरी बेलुका ७:०० देखि ७:३० बजेसम्म समाचार प्रसारण गर्न लगाएका थिए । उक्त प्रसारण प्रजातन्त्र आइसकेपछि मात्र बन्द भएको थियो (शाह २०५४, सत्याल २०५६) ।

२००७ चैत २० देखि सिंहदरबार काठमाडौँबाट अहिलेको रेडियो नेपालको औपचारिक प्रसारण सुरु भयो । यद्यपि विराटनगरमा क्रान्तिताका तारिणीप्रसाद कोइरालाको अगुवाइमा सञ्चालित 'प्रजातन्त्र नेपाल रेडियो' कै निरन्तरता थियो यो प्रसारण । सुरुको प्रसारणमा बिहान र बेलुका एक-एक पटक नेपाली र अङ्ग्रेजी भाषामा समाचार प्रसारण भएको थियो । सुरु भएको पाँच दिनपछि हिन्दीमा र दस दिनपछि नेवारीमा समाचार प्रसारण थालियो । तर, २०२२ साल वैशाख १ गते नेवारी र हिन्दी समाचार प्रसारणमा बन्देज लगाइयो । २०१७ सालदेखि जिल्लाका गतिविधिलाई समेटेर जिल्ला समाचार दिन थालियो । २०२२ सालमा बन्द गरिएको नेवारी र हिन्दी भाषाको समाचार २०४७ असार १५ देखि पुनः प्रसारण गर्न थालियो । २०४० सालदेखि सुरु भएको क्षेत्रीय प्रसारण केन्द्रको अवधारणाले २०५१ सालमा आएर मात्र मूर्त रूप पाउन पुग्यो र राष्ट्रिय भाषाहरूमा समाचार दिन थालियो । २०५१ सालमा विभिन्न नौओटा राष्ट्रिय भाषामा समाचार प्रसार गर्न थालियो (थापा २०६१) भने बढ्दै गएर विभिन्न २० ओटा भाषामा रेडियो नेपालमा समाचार प्रसारण हुन थालेका छन् ।[३]

## समाचारको सुरुआत र बिस्तार

### *मेट्रो एफएम*

मेट्रो एफएम काठमाडौँ महानगरपालिकाद्वारा सञ्चालित रेडियो स्टेसन हो । महानगरपालिका श्री ५ को सरकारको एउटा वैधानिक अङ्ग हो । २०५५ कात्तिकबाट परीक्षण प्रसारण आरम्भ गरेको यस रेडियोले २०५६ असोज १ देखि नियमित प्रसारण सुरु गरेको थियो । प्रारम्भमा असनमा राखिएको स्टुडियो र ट्रान्समिटर पछि डिल्लीबजारको कालिकास्थानमा सारिएको थियो । काठमाडौँ उपत्यकालाई मात्र आफ्नो प्रसारण क्षेत्र मानेको भए पनि यो रेडियो नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र मकवानपुरमा समेत सुन्न सकिन्छ । यसको ट्रान्समिटर क्षमता ५०० वाट छ ।[४]

नियमित प्रसारणको सुरुआतसँगै यो रेडियोले २०५६ असोज १ देखि समाचार दिन थालेको हो । बेलुका ७:१५ मा *महानगर गतिविधि*का नामबाट दैनिक समाचार सुरु भएको थियो । विकास-निर्माण, महानगर प्रमुखसँग हुने भेटघाट

---

[३] रेडियो नेपाल र यसको प्रसारण सुरु हुनुभन्दा अगाडि भएका रेडियो प्रसारणहरूबारे विस्तृत जानकारीका लागि वन्त र अरू (२०६१) हेर्नुहोस् ।

[४] यज्ञप्रसाद बडाल (स्टेसन म्यानेजर), किरण ढकाल (लेखापाल) सँग २०६२ साउन ५ मा र दीपेन्द्र भण्डारी (समाचार शाखा) सँग २०६२ भदौ ६ मा गरिएको कुराकानीबाट ।

र महानगरपालिकाभित्रका विभागहरूमा हुने विभागीय काम कारबाही नै मुख्य गरेर समाचारमा समेटिन्थे । २०५७ असार १६ देखि तामाङ भाषाको कार्यक्रम *नाङसाल* प्रसारण सुरु गरियो । आधा घण्टाको सो कार्यक्रममा पाँच मिनेट सोही भाषाको समाचारका लागि छुट्ट्याइएको थियो । २०५७ को कात्तिकदेखि बिहान ६:१५-६:४५ को समयमा *समाचार सार* भन्ने अर्को समाचार बुलेटिन पनि थपिएको थियो । यसमा पत्रपत्रिकाका मुख्यमुख्य खबरहरू पढेर सुनाउने गरिन्थ्यो । साथै बेलुका ७:१५ को *महानगर गतिविधि*को समय परिवर्तन गरी साँझ ६:३०-७:०० मा ल्याइयो । अरू भाषाको कार्यक्रम थप्ने सिलसिलामा २०५८ भदौ १ देखि नेपाल भाषाको कार्यक्रम *नेपाल मण्डल* सुरु गरियो । *नेपाल मण्डल* दैनिक तीनपटक प्रसारण हुँदै आएको थियो । यो कार्यक्रममा पनि पाँच मिनेटको नेपाल भाषामा समाचार प्रसारण हुन्थ्यो । २०५९ सालदेखि *महानगर गतिविधि*को नाम परिवर्तन गरेर *सेरोफेरो* बनाइयो । सो नाम पनि परिवर्तन गरी २०६१ असोज १ गतेदेखि *मेट्रो हालखबर* बनाइएको थियो । यीबाहेक यस रेडियोबाट अङ्ग्रेजी भाषाको बुलेटिन *द सिनप्सिस,* बिहान र बेलुका ७:०० बजेको रेडियो नेपालको समाचार, कम्युनिकेसन कर्नरबाट उत्पादित बिहानको समाचारमूलक कार्यक्रम *कायाकैरन* पनि प्रसारण हुँदै आएको थियो ।[५]

## इमेज एफएम

'सङ्गीत तपाइको जीवनको' भन्ने नारा लिएर २०५५ साल पुस २३ बाट सुरु भएको हो इमेज एफएम । यसभन्दा अघि २०५२ मा रेडियो नेपालको १०० मेगाहर्जबाट बेलुका ४:०० देखि ५:०० बजेको १ घण्टा इमेज एफएमको नामबाट कार्यक्रम सञ्चालन गरिएको थियो । त्यस बेला हालका इमेज ग्रुपका अध्यक्ष आरके मानन्धरसँगै अरू दुई जना पनि संलग्न थिए । करिब तीन वर्ष जति रेडियो नेपालको एफएम काठमाडौँ १०० मेगाहर्जमा कार्यक्रम चलाएपछि सञ्चालकहरूबीच कुरा नमिलेकाले आरके मानन्धर अलग भए । यही क्रममा उनले इमेज च्यानल प्रालिका नाममा एफएम स्टेसनको इजाजत प्राप्त गरे । रेडियो नेपाल एफएम काठमाडौँ १०० मेगाहर्जबाट इमेज एफएमकै नाउँमा प्रसारण भएकाले त्यसभन्दा भिन्न देखाउनलाई यस एफएम रेडियोको नाम (कल साइन) केएटीएच ९७.९ राखियो ।

---

[५] कम्युनिकेसन कर्नर विभिन्न समाचारमूलक तथा विकासमूलक कार्यक्रम निर्माण गरेर काठमाडौँबाहिर तथा भित्रका विभिन्न स्टेसनमा विक्री वितरण गर्दै आएको संस्था हो । यसबारे थप जानकारीका लागि अध्याय १ हेर्नुहोस् ।

**तालिका ५.१: २०६१ माघ १९ अघि उपत्यकाका विभिन्न एफएम रेडियोमा समाचारको विवरण**

| **स्टेसनको नाम** | **बिहान** | **दिउँसो** | **बेलुका** | **बुलेटिनको प्रकार** |
|---|---|---|---|---|
| कान्तिपुर एफएम | ६:००-६:३० | १२:००-१२:१० | ६:३०-७:०० | कान्तिपुर समाचार |
| | ७:०० -७:१५ | | | रेडियो नेपालको समाचार |
| | ८:००-८:१० | | | कान्तिपुर न्यूज (अङ्ग्रेजी) |
| | | ३:००-३:१५ | ९:००-९:३० | कान्तिपुर समाचार |
| रेडियो एचबीसी | ६:००-६:३० | | ६:००-६:३० | समय सन्दर्भ (बिहान ८:०० बजेदेखि साँझ ५:०० बजेसम्म प्रत्येक घण्टामा ५-५ मिनेटको *एचबीसी खबर*) |
| | ७:००-७:१५ | | | रेडियो नेपालको समाचार |
| इमेज एफएम | ६:००-६:३० | | ६:००-६:३० | इमेज खबर (बिहान ९:०० बजेदेखि साँझ ५:०० बजेसम्म प्रत्येक घण्टामा भन्डै ५ मिनेटको *इमेज हाइलाइट्स* थियो ।) |
| | ७:००-७:१५ | | | रेडियो नेपालको समाचार |
| रेडियो सगरमाथा | ६:१५ - ६:४५ | | | पत्रपत्रिकाको सँगालो |
| | ६:४५-६:५० | २:४५-३:०० | ६:४५-७:०० | हालचाल |
| | ७:००-७:१५ | | ७:००-७:१५ | रेडियो नेपालको समाचार |
| | ७:४५-७:५० | ४:४५-५:०० | | हालचाल |
| | ८:४५-९:०० | ५:४५-६:०० | | हालचाल |
| | १०:४५-११:०० | | | हालचाल |
| | ११:४५-१२:०० | | | हालचाल |
| | | | ८:४५-९:१५ | बीबीसी नेपाली सेवाको पहिलो सभा |
| | | | ९:४५-१०:०० | हालचाल |
| | | | १०:४५-११:०० | बीबीसी नेपाली सेवाको दोस्रो सभा |
| मेट्रो एफएम | ६:००-६:३० | | | कायाकैरन |
| | ६:४५-७:०० | | | द सिनप्सिस (अङ्गेजी समाचार) |
| | ७:००-७:१५ | | | रेडियो नेपालको समाचार |
| | ७:४५-८:१५ | | | नेपाल मण्डल |
| | १०:४५-११:०० | १२:४५-१:०० | | मेट्रो हालखबर |
| | | २:४५-३:०० | | मेट्रो हालखबर |
| | | ३:४५-४:०० | | मेट्रो हालखबर |
| | | ५:४५-६:०० | | मेट्रो हालखबर |
| | | | ६:००-६:३० | नाङसाल (तामाङ भाषाको समाचारसहितको कार्यक्रम) |
| | | | ७:००-७:१५ | रेडियो नेपालको समाचार |
| | | | ७:४५-८:१५ | नेपाल मण्डल |
| | | | ८:४५-९:०० | मेट्रो हालखबर |

स्रोतः सम्बन्धित रेडियो स्टेसन (२०६२) ।

२०५४ फागुनमा प्रसारणको इजाजत पाएपछि २०५५ साउनबाट परीक्षण प्रसारण आरम्भ गरेको थियो यस एफएम रेडियोले । सुरुमा १८ घण्टाबाट प्रसारण थालेको यो एफएम रेडियोले २०५८ वैशाख १ बाट दैनिक प्रसारण समय २४ घण्टा पुऱ्यायो । २०६१ साउन १ देखि केएटिएच ९७.९ को नाम बदलेर इमेज एफएम भन्ने गरिएको छ । सोही मितिपश्चात् काठमाडौँबाट प्रसारण हुने कार्यक्रम पोखरा र पूर्वाञ्चलमा समेत स्टेसन स्थापना गरी रिले प्रसारण हुँदै आएको छ ।[६]

सुरुमा सङ्गीत प्रसारणलाई मात्र आफ्नो मूल अभीष्ट बनाएको इमेज एफएमले २०५६ साउन १ देखि समाचारमूलक कार्यक्रम प्रसारण गर्न थाल्यो । व्यवस्थापनले समाचार प्रसारणको आवश्यकता महसुस गरेपछि काठमाडौँबाट प्रकाशित पत्रपत्रिकालाई आधार मानी समाचारलाई ठाउँ दिन थालिएको थियो । कार्यक्रमको नाम *इमेज हाइलाइट्स* राखिएको थियो र हरेक बिहान ६:१५ बजेपछिको १५ मिनेट समय छुट्ट्याइएको थियो । *इमेज हाइलाइट्स*मा प्रसारण हुने सामग्रीमा समाचारका मुख्य अंश मात्र दिने गरिएका थिए । छ महिनापछि यो समय बढाएर ३० मिनेट पुऱ्याइयो । दैनिक प्रसारण समय २४ घण्टा पुऱ्याइएपछि समाचार बुलेटिनको सङ्ख्या पनि थपियो । यसमा दिउँसो २:०० बजे नेपालीमा, बेलुका ८:०० बजे अङ्ग्रेजीमा र राति १०:३० बजे नेपाल भाषामा बुलेटिन थपिए । अङ्ग्रेजी र नेपाल भाषाका बुलेटिनहरू केही महिना मात्र चल्न सके । २०५८ भदौ १ देखि साँझ ६:०० बजे अर्को नेपाली भाषाको बुलेटिन थपियो । समाचारको सुरुआत सम्बन्धमा भरत शाक्य आफ्नो अनुभव यसरी सुनाउँछन्–

> २०५५ मा स्टेसन त खुल्यो तर त्यो समयमा कसरी प्रसारण गर्ने के के प्रसारण गर्ने भन्ने अन्योल थियो । सुरुमा पूरै सङ्गीत मात्र बज्यो । केही समय स्टेसनको अवस्था र हालत बुझेपछि समाचार दिनुपर्छ भन्ने लाग्यो । २०५६ साउन १ देखि बिहान ६:०० बजे *इमेज हाइलाइट्स* भनेर समाचार दिन थालिएको हो । त्यसमा पत्रिकाका खबरबाट मुख्य शीर्षकहरू मात्र पढेर सुनाउने गरियो । मैले समाचारका लागि अखबारका खबरलाई चिनो लगाउँथे र श्रीओम श्रेष्ठ पढ्थे । समाचार चलेको छ महिनापछि (२०५६ माघबाट) बुलेटिनको मात्रा बढाउने कुरा भयो । २०५७ वैशाखदेखि जनशक्ति पनि थपियो र बेलुका पनि समाचार दिन थालियो । समय बित्दै जाँदा समाचार बुलेटिन पनि थपिँदै गए भने काम गर्ने जनशक्ति पनि बढ्दै गयो ।[७]

---

[६] भरत शाक्य (स्टेसन म्यानेजर) र सोमराज पोखरेल (डेस्क सम्पादक) सँग २०६२ भदौ ६ मा गरिएको कुराकानीबाट ।

[७] शाक्यसँग २०६२ साउन ३ मा गरिएको कुराकानीमा आधारित ।

**तालिका ५.२: २०६१ पुसमा उपत्यकाका रेडियोमा समाचार प्रसारण अवधि**

| क्र.सं. | स्टेसनको नाम | कुल प्रसारण अवधि (घण्टा) | बुलेटिन सङ्ख्या* | समाचार प्रसारण अवधि |
|---|---|---|---|---|
| १. | कान्तिपुर एफएम | २४ | ६ | २ घण्टा २० मिनेट |
| २. | रेडियो एचबीसी | २४ | १२ | २ घण्टा ५ मिनेट |
| ३. | इमेज एफएम | २४ | ११ | २ घण्टा |
| ४. | रेडियो सगरमाथा | १८ | १२ | ३ घण्टा ४० मिनेट |
| ५. | मेट्रो एफएम | १८ | १३ | ३ घण्टा |
| ६. | टाइम्स एफएम | १८ | २ | २ घण्टा |
| ७. | रेडियो सिटी | १८ | २ | १ घण्टा ३० मिनेट |
| ८. | स्टार एफएम | १८ | ५ | २ घण्टा १५ मिनेट |
| ९. | भक्तपुर एफएम | ८ | २ | १ घण्टा |
| १०. | पर्यावरण चक्र एफएम | १८ | १४ | २ घण्टा ५ मिनेट |
| ११. | नेपाल एफएम | २४ | १५ | २ घण्टा |
| | **जम्मा** | **२१२** | **९३** | **२३ घण्टा ५५ मिनेट** |

स्रोतः सम्बन्धित रेडियो स्टेसनहरू ।

* बुलेटिन सङ्ख्यामा बीबीसी नेपाली सेवाको प्रसारणलाई पनि जोडिएको छ ।

## *रेडियो एचबीसी*

२०५६ असोज २९ मा रेडियो एचबीसीको स्थापना भएको थियो । स्थापनाकालदेखि नै दैनिक २० घण्टाबाट प्रसारण आरम्भ गरेको यो रेडियोले २०५६ मङ्सिरदेखि इन्टरनेट रेडियो प्रसारण पनि सुरु गरेको थियो । यो नेपालको पहिलो अनलाइन रेडियो पनि हो । यसको पहुँच काठमाडौं उपत्यकालगायत बाग्मती अञ्चल पूरै, जनकपुरको रामेछाप र दोलखा जिल्लामा पनि छ ।[८] रेडियो एचबीसीमा २०५७ असोजदेखि समाचार दिन थालिएको थियो । सुरुमा हप्तामा एकपटक शनिबार बिहान ६:०० देखि ६:३० बजेसम्म *समय सन्दर्भ*का नामले समाचार प्रसारण हुन्थ्यो । इजाजत दिँदा सञ्चार मन्त्रालयले समाचार प्रसारण गर्न नपाइने सर्त राखेकाले समाचार नभनी *समय सन्दर्भ*का नामबाट समाचार दिन थालिएको हो । बिहान मात्र प्रसारण हुने समाचार करिब एक वर्षपछि बेलुका पनि प्रसारण गर्न थालियो । रेडियो नेपालमा काम गरिसकेका पत्रकार कमल लम्साल, हरिशरण लामिछाने, सुमन दाहाल र पुनम पौडेलको समूह समाचार प्रसारणमा

[८] २०६२ असार ३० मा रविन सिटौला (स्टेसन संयोजक), २०६२ भदौ ६ मा नारायण भण्डारी (समाचार संयोजक), २०६२ साउन ३० मा हरिशरण लामिछाने (पूर्व स्टेसन संयोजक) र २०६२ साउन २० मा पुनम पौडेल (पूर्व संवाददाता) सँगको कुराकानीमा आधारित । रेडियो नेपालसमेत सुन्न नसकिने रामेछाप जिल्लाको उत्तरी भाग दोरम्बामा आफू जाँदा रेडियो एचबीसी राम्रोसँग सुनिएको पत्रकार कनक दीक्षितले २०६२ साउन १० को कुराकानीका क्रममा बताएका थिए ।

सक्रिय थियो । समाचारको माग बढ्दै गएपछि प्रत्येक घण्टामा (बिहान ८:०० देखि बेलुका ५:०० बजेसम्म) *एचबीसी खबर*का नामबाट पनि समाचार दिन थालियो । प्रत्येक पटक करिब पाँच मिनेटको समाचार बजाइन्थ्यो (हेर्नुहोस् तालिका ५.१) ।

कान्तिपुर एफएममा समाचारको सुरुआतबारे प्रबन्ध निर्देशक विनोदराज ज्ञवालीको अनुभव यस्तो छ–

> पत्रिका चलाइराखेको अनुभव थियो, रेडियो पनि चलाउने कुरा आएपछि समाचार राख्दा उचित हुने ठान्यौं । समाचारको सामान्य प्रयोग गर्ने क्रममा एफएम काठमाडौं १०० मेघाहर्जमा छँदै *उपत्यकामा आज* चलाएको थियो । त्यस कार्यक्रममा गैर राजनीतिक विषयहरू मात्र प्रसारण हुने गरेका थिए । रेडियो समाचार बनाउने र प्रसारण गर्ने बारेमा कुनै आइडिया पनि थिएन । उपत्यकाका सामान्य गतिविधि दिन र समाचारको विविधता बढाउन थालेपछि श्रोताबाट पनि प्रतिक्रिया आयो । त्यसपछि हाम्रो हौसला पनि बढ्यो । पछि आफ्नै भवन पुल्चोकमा सरेपछि समाचार बुलेटिनको सङ्ख्या बढेको हो । सुरुमा कसरी, के दिने भन्ने अन्योल नै भएकाले समाचार यसरी नै यो समयमा दिने भन्ने नै हामीले सोचेनौं । प्रसारण गर्दै जाँदा सिक्दै गएको हो । जे देख्यौं त्यो बजायौं, समयअनुसार आफूलाई परिवर्तन गर्दै लगेका हौं । समाचार बजाएर पैसा आउँछ भन्ने पनि लागेको थिएन । गर्न खोज्यो भने रेडियोलाई धेरै किसिमले प्रयोग गर्न सकिने रहेछ । सायद यसो हुनुमा लामो समयसम्म कान्तिपुर राष्ट्रिय सञ्जाल भएको पत्रिकामा गरेको कामले नै सिकाएको हो भन्नुपर्छ । यो सिकाइ र रेडियोको बुझाइबाट चल्दा खेरी नै कान्तिपुरले यो उचाइ प्राप्त गरेको छ ।[९]

२०६१ माघ १९ सम्म आइपुग्दा २४ घण्टे प्रसारणमा भएका रेडियो एचबीसी, कान्तिपुर एफएम र इमेज एफएमले क्रमशः २ घण्टा ५ मिनेट, २ घण्टा २० मिनेट र २ घण्टा समाचारको लागि छुट्ट्याएका थिए । त्यस्तै, रेडियो सगरमाथाले १८ घण्टाको प्रसारणमा ३ घण्टा ४० मिनेट र मेट्रो एफएमले दैनिक १६ घण्टा ३५ मिनेटको प्रसारणमा ३ घण्टा समाचारका लागि छुट्ट्याएका थिए । रेडियो सगरमाथाका आफ्नै १० र बीबीसी नेपाली सेवाका २ गरी १२ बुलेटिन थिए । मेट्रो एफएममा नेपाली भाषामा ९, नेपाल भाषामा २, तामाङ भाषामा १ र अङ्ग्रेजी भाषामा १ बुलेटिन गरी दैनिक १३ बुलेटिन थिए । मेट्रो एफएमले दैनिक दुईपटक प्रसारण गर्ने आधा घण्टाको *नेपाल मण्डल*का नामबाट नेपाल भाषामा र आधा घण्टाको *नाङसाल* भन्ने तामाङ भाषाको कार्यक्रममा पाँच-पाँच मिनेटको सम्बन्धित भाषाको समाचार प्रसारण गर्दथे । नेपाल एफएमले २०६१ मङ्सिर १९

---

[९] ज्ञवालीसँग २०६१ चैत २८ मा गरिएको कुराकानीमा आधारित ।

देखि घण्टैपिच्छे समाचार प्रसारण गर्दै आएको थियो । त्यसका लागि कम्युनिकेसन कर्नरले समाचार बुलेटिनहरू उपलब्ध गराउँथ्यो । स्मरणीय छ, नेपाल एफएममा कम्युनिकेसन कर्नरको पनि शेयर लगानी थियो ।

## समाचारका विषयवस्तु

सरसर्ती हेर्दा स्टुडियोमा आउने सबै विषय समाचार बन्छन् भन्ने धेरैको अनुमान हुन सक्छ । वास्तवमा त्यसो भएको हुँदैन । सबै घटनाहरूमा समाचारीय महत्त्व हुँदैन । यसमा समाचारले दिने सन्देश, विषयले बोक्ने भार इत्यादिको आधारमा समाचारका विषयको छनोट गरिन्छ । छोटो समयमा सबै कुरा समेट्न पनि सकिँदैन । समाचार प्रसारणका कारण स्टेसनलाई अप्ठेरो पर्ने भएकाले पनि सबै कुरा प्रसारण हुन सक्दैनन् ।

राज्य नै द्वन्द्वको मारमा परेका कारण समाचारमा अक्सर राजनीति नै हाबी भएको थियो । स्वभावतः यसले गर्दा अरू विषय ओझेलमा परेका थिए । त्यसो त राजनीतिमा द्वन्द्वसम्बन्धी मात्रै समाचार आउने भन्न खोजिएको होइन । विभिन्न खाले राजनीतिक क्रियाकलाप, संसद, निर्वाचित र प्रतिनिधिमूलक संस्थाहरूमा हुने मनोनयन, पदपूर्ति जस्ता विषय समाचार बनेका थिए । काठमाडौँ केन्द्रित प्रसारण भएकाले समाचारका विषय काठमाडौँका नै थिए । त्यसबाहेक केन्द्रमा देखिने राजनीतिक खिचातानीले पनि प्रशस्त ठाउँ पाएका थिए । सबै एफएम रेडियो काठमाडौँबाट प्रसारण हुने र प्रमुख लक्षित क्षेत्र काठमाडौँ उपत्यकालाई बनाएका कारण समाचारमा बज्ने धेरै विषय काठमाडौँ केन्द्रित राजनीतिसँग सम्बन्धित थिए । राजनीतिक विषयमा पनि ठूला राजनीतिक पार्टीका अन्तरकलहहरूले धेरै नै ठाउँ पाएका थिए ।

बक्स नं. ५.१ देखि ५.६ मा विभिन्न एफएम स्टेसनले प्रसारण गरिरहेको समाचार बुलेटिनहरूलाई नमुनाको रूपमा प्रस्तुत गरिएको छ । अध्ययनका लागि सुनिएको समाचारमध्ये विभिन्न छओटा रेडियोको एक-एक दिनको समाचारलाई यहाँ राखिएको हो ।[१०] हरेक स्टेसनमा बजेका समाचारको प्राथमिकताक्रम पनि यहाँ जस्ताको त्यस्तै राखिएको छ । कुनै एक दिनको एउटा बुलेटिनका आधारबाट समाचारको प्रकृति यस्तै छ भन्न सकिँदैन, तर यसले समाचारमा के-कस्ता विषय

---

[१०] यो अध्ययन सुरु गरिँदा सरकारले २०६१ माघ १९ देखि समाचार प्रसारण गर्न प्रतिबन्ध लगाएका कारण एफएम रेडियोमा समाचार प्रसारण हुन सकेन । रेडियो सगरमाथाबाहेक अरू स्टेसनले समाचारको रेकर्ड आफूसँग राख्ने गरेका थिएनन् । अन्य स्टेसनका समाचार व्यक्तिगत सङ्ग्रहबाट प्राप्त भएका हुन् ।

**बक्स नं. ५.१: कान्तिपुर एफएमको *कान्तिपुर समाचार* (२०५९ माघ ८, बेलुका ६:३०) मा प्रसारित मुख्य शीर्षक**

- श्री ५ अधिराजकुमारी प्रेरणा राज्यलक्ष्मीदेवी शाहको कुमार राजबहादुर सिंहसँग विवाह सम्पन्न हुँदै ।
- देशका प्रमुख ४ दलहरूको सर्वदलीय बैठक सम्पन्न, शाही कदमका विरुद्ध शान्तिपूर्ण संयुक्त आन्दोलनमा जाने सहमति ।
- त्रिविका विशिष्ट प्राध्यापक तारापद चौधरीको निधन ।
- विद्यालय स्तरको पाठचक्रमबाट संस्कृत विषयलाई अनिवार्य रूपमा हटाइएपछि त्यसको विकल्पमा नागरिक शिक्षा थप्ने अभ्यास सुरु
- जापान सरकारले नेपाल सरकारलाई ऋण मोचनका लागि ५४ करोड सहयोग गर्ने ।
- आलु खेतीका लागि पकेट क्षेत्र घोषणा (काभ्रेबाट खगेन्द्र भण्डारीको फिचर) ।
- अमेरिकन राष्ट्रपति जर्ज डब्लु बुसले इराकलाई निःशस्त्र गर्ने समय सकिन लागे पनि थप समय नबढाइएको घोषणा ।

स्रोतः समाचारको अडियो रेकर्ड ।

समेटिन्छन् भन्नेबारे केही झलक दिएको छ। जस्तै समाचारमा राजनीति विषयले कतिसम्म प्रभाव जमाएको छ भन्ने सवाललाई यी बक्समा दिएका समाचारका हेडलाइनले पनि पुष्टि गर्दछन् । बक्समा दिइएको कान्तिपुर एफएमको सो दिनको समाचारलाई अपवाद मानेर हेर्ने हो भने हरेक एफएम रेडियोका समाचारमा आधाभन्दा बढी स्थान राजनीतिक विषयले नै ओगटेको पाइन्छ । अझ त्यसमा पनि माओवादीका गतिविधि तथा उक्त पार्टीविरुद्ध सरकारले गरेका कारबाहीहरूले नै प्रमुख महत्त्व पाएको देखिन्छ । राजारानी वा राजपरिवारका समाचारपछि प्राथमिकता क्रममा पनि राजनीतिक विषय नै परेका छन् । अरू विकासे गतिविधि फाट्टफुट्ट मात्र समेटिएका छन् । बरु राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलकुदले समाचारमा स्थान पाएको छ । अन्तर्राष्ट्रिय गतिविधिमा इराकसम्बन्धी समाचारले नै प्राथमिकता पाएको देखिन्छ, जसमा हत्या, हिंसा र बम विस्फोटका समाचार परेका छन् । यसरी राष्ट्रभित्र तथा बाहिर जहाँका भए पनि विरोध, धरपकड, हत्या हिंसा नै समाचारमा रोजाइका विषयवस्तु हुन पुगेका छन् ।

आफ्ना गतिविधिहरूलाई सबै रेडियोसम्म पुऱ्याउनका लागि राजनीतिक पार्टीहरूले आफ्ना कार्यकर्तालाई सर्कुलेसन पनि पठाउने गर्दथे ताकि आफ्ना गतिविधि वा समाचार नछुटून् । कतिपय पार्टी वा तिनका नेता तथा कार्यकर्ताहरूको स्टेसन वा रेडियोकर्मीसँगको सम्बन्धको प्रभाव पनि कहिलेकाहीँ समाचारमा पर्ने गर्दथ्यो । राजनीतिक समाचारले बढी प्राथमिकता पाउनुमा धेरै कुरामा वा हरेक

**बक्स नं. ५.२ः इमेज एफएमको *इमेज खबर* (२०६१ कात्तिक १८, बेलुका ६.००) मा प्रसारित मुख्य शीर्षक**

- श्री ५ को सरकारद्वारा माओवादी नेताहरू देव गुरुङ, दिनानाथ शर्मा र टोपबहादुर रायमाझीमाथि रेड कर्नर नोटिस जारी ।
- राप्रपाभित्र पार्टी एकताको पहलः असन्तुष्ट थापाको निर्णय परिवर्तन नहुने सङ्केत ।
- उर्जा प्रविधिसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सुरु ।
- चुनावका लागि सुरक्षा दिन सरकार तयार रहेको एक मन्त्रीको भनाइ ।
- नेपाल आयल निगमको व्यवस्थापनले अनियमितता र भ्रष्टाचार निर्मूल गर्ने सन्दर्भमा सुधार तथा छानविनका प्रक्रियाहरू आरम्भ गरिसकेको ।
- संविधान सभाको बाटोबाट नै अहिलेको समस्या समाधान हुने बुद्धिजीवीहरूको ठहर ।
- सरकारले हालै संशोधनसहित जारी गरेको आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण अध्यादेशविरुद्ध एमालेको भातृ सङ्गठन अनेरास्ववियु सडकमा उत्रियो ।
- भन्सारमा सेनाको गस्तीले नकरात्मक असर पारेको विभिन्न राजस्वविद्हरूको गुनासो ।
- माओवादीले अपाङ्ग बनाएका स्याङ्जाका खिमबहादुर थापा सदरमुकाममा मागेर गुजारा गर्दै (स्याङ्जाबाट अजित क्षेत्री) ।
- पर्यटकीय महत्त्व बोकेको सङ्खुवासभाको गुफा पोखरीको जीर्णोद्धार कार्य सम्पन्न (सङ्खुवासभाबाट प्रेम गुरागाईं) ।
- फलको राजा भनेर चिनिने सिन्धुलीको जुनारको मूल्य गत सालको तुलनामा दोब्बर वृद्धि (सिन्धुलीबाट शङ्कर सौगात) ।
- सप्तरीको फत्तेपुर प्रहरी चौकी इन्चार्ज गोविन्द बर्देवाको कुटाइबाट स्थानीय बासिन्दा सत्यनारायण साह सख्त घाइते (सप्तरीबाट रसिक श्रेष्ठ) ।
- अमेरिकामा भइरहेको राष्ट्रपतीय चुनावको मतगणनामा जर्ज डब्ल्यु बुस र जोन केरीबीच कडा प्रतिस्पर्धा ।
- अफगानिस्तानको राष्ट्रपति पदमा हमिद कारजाई विजयी ।
- नेपालमा पहिलोपटक किआ गल्फ प्रतियोगिता हुने ।
- वर्षातले गर्दा भारत र अष्ट्रेलियाबीचको चौथो टेष्ट क्रिकेट अवरुद्ध ।

स्रोतः समाचारको अडियो रेकर्ड ।

क्षेत्रमा राजनीतिक गतिविधि बढेकाले पनि हो । २०५८ अघिको अवस्थामा चाहे त्यो संसद होस् वा गाउँ विकास समिति, सबैमा राजनीतिक गतिविधिले ठाउँ पाएकै हुन्थे । त्यसैले समाचार दिने सबै रेडियोमा नै राजनीतिक खबर आएका थिए । राजनीतिक समाचार पाउन सजिलो पनि थियो । प्राथमिकताले आउने समाचार त आएकै हुन्थे । तर समाचार केही नभएको अवस्थामा स्टेसनहरूले फोन गरेर भए पनि पार्टीका बैठकहरूबारे जानकारी लिएर समाचार बनाएका थिए । समाचारमा राजनीतिले प्राथमिकता पाएको प्रसङ्गबारे विश्लेषक सीके लाल भन्छन्–

> देश नै युद्ध र हिंसाले ग्रस्त भएको अवस्थामा रेडियोहरूले समेट्ने विषय भनेको नै राजनीति हो । क-कसलाई समेट्नेभन्दा पनि प्रमुख रूपमा सत्तापक्ष र विपक्षीहरूका गतिविधिले प्राथमिकता पाउने गर्दछन्, त्यसको लागि रेडियो स्टेसनले आफ्नो बाटो वा लाइन स्पष्ट रूपमा तय गर्नुपर्दछ । युद्धको अवस्थामा समाचार पनि निष्पक्ष हुन सक्दैन । रेडियो स्टेसनहरूको कुनै न कुनै रूपमा राजनीतिक व्यक्ति वा संस्थासँग सम्पर्क हुने भएकाले पनि राजनीतिक विषयले बढी ठाउँ पाएको थियो । अर्को कुरा अरू विषयहरूको खोजी वा सङ्कलन गर्न खर्चिलो हुने र बढी खर्च गर्न स्टेसन नचाहने भएकाले पनि राजनीतिक विषयहरू रेडियोमा हावी भएका हुन् । यसरी लगानी गर्न नचाहनेहरूका लागि पनि राजनीतिक विषय नै उत्तम रोजाइ हुन् ।[११]

राजनीतिबाहेक विकास निर्माणसम्बन्धी समाचार जस्तैः शिक्षा, स्वास्थ्य, पर्यटन, उद्योग-व्यापार आदिसम्बन्धी चाहे ती केन्द्रीय, क्षेत्रीय वा स्थानीय नै किन नहुन् ती विषयले कमैमात्र ठाउँ पाएका थिए । राजनीतिबाहेक घटना दुर्घटनाका समाचारले बढी स्थान ओगटेका थिए ।

**बक्स नं. ५.३ः रेडियो सगरमाथाको *हालचाल* (२०६१ पुस ८, बिहान ८ः४५) मा प्रसारित मुख्य शीर्षक**

- भारतको ११ दिने सद्भावना भ्रमणको लागि राज दम्पत्ती भारत प्रस्थान गर्ने । भ्रमणका साथ मन्त्री पूर्णबहादुर खड्कासहित विभिन्न दलका व्यक्तिहरू पनि सँगै जाने ।
- युवराजाधिराज पारसको अध्यक्षतामा राजप्रतिनिधि परिषद् गठन ।
- राजाबाट विभिन्न व्यक्तिसँग छलफल ।
- धादिङ बन्दका कारण राजधानी ठप्प ।
- प्रहरी प्रशासनले बस चालकलाई गरेको दुर्व्यवहारविरुद्ध लामो दूरीका यातायात साधन नचलाउने बस व्यवसायीको चेतावनी ।
- आजैदेखि राजधानीमा आर्थिक नाकाबन्दी गरेको माओवादीको स्पष्टोक्ति ।
- रौतहट र पर्सामा नाकाबन्दी ।
- काभ्रे बन्दका कारण अरनिको यातायात चलेन ।
- महेन्द्रनगरका जेलमा भएको गोलीकाण्डका कारण बजार बन्द ।
- राजधानीमा महिला हकहितबारे मौन विरोध जुलुसको आयोजना ।
- इराकमा चुनाव नजिकिँदै जाँदा विद्रोहीद्वारा आत्मघाती बम प्रहार ।
- थाइल्याण्डको एउटा धार्मिक कार्यक्रममा गोली प्रहार ।

स्रोतः समाचारको अडियो रेकर्ड ।

उपत्यका वरिपरि तथा दूर जिल्लाका खबरहरू समेटिए पनि माओवादी गतिविधिका अलावा बढीजसो बाढी, पहिरो, जस्ता दैवी प्रकोप, मानवीय क्षतिजन्य विभिन्न

[११] २०६२ साउन ९ मा सीके लालसँग गरिएको कुराकानीबाट ।

**बक्स नं. ५.४: नेपाल एफएमको *नेपाल खबर* (२०६१ पुस ८, बिहान ९:००) मा प्रसारित मुख्य शीर्षक**

- भारतका राष्ट्रपतिको निमन्त्रणामा श्री ५ महाराजधिराज ११ दिने भारतको सद्भावना भ्रमणमा ।
- राजपरिवारको कार्य सञ्चालनको लागि राजप्रतिनिधि परिषद् गठन ।
- कैलालीको चिसापानीमा माओवादी आक्रमण, १५ जना घाइते, क्षतिबारे यकिन नभएको, (नेपालगञ्जबाट गोपी बुढा) ।
- धादिङ बन्दका कारण राजधानीमा गाडी प्रवेश निषेध ।
- बारा/पर्सा नाकाबन्दीका कारण गढीमाई मेलाका भक्तहरू असुविधामा ।
- चितवनको अण्डा र काउली बन्दका कारण कहीँ लैजान सकिएन ।
- मकवानपुर र वीरगञ्ज बन्द फिर्ता लिन आग्रह ।
- मोरङ र झापा पनि बन्द ।
- नेकपा एमालेको बैठक सम्पन्न, बैठकमा महासचिव नेपालको प्रतिवेदन पारित ।
- सुर्खेतमा माओवादीको लास अलपत्र ।
- रौतहटमा माओवादीले बम पड्काए ।
- कास्कीमा कर्मचारीहरू काममा फिर्ता ।
- सिराहामा डाँकाद्वारा लुटपाट ।
- इराकमा भएको बम आक्रमणमा १९ जना अमेरिकी सेना मरे । रम्सफेल्डको आलोचना ।
- इराकमा पुनर्संरचनाको जिम्मा लिएको कम्पनीबाट कार्य सुरु ।

स्रोतः समाचारको अडियो रेकर्ड ।

**बक्स नं. ५.५: रेडियो एचबीसीको *एचबीसी खबर* (२०६१ पुस ८, बिहान १०:००) मा प्रसारित मुख्य शीर्षक**

- कैलालीको चिसापानीमा माओवादी र सुरक्षा फौजबीच दोहोरो भिडन्त, भिडन्तमा ५ सुरक्षाकर्मीको मृत्यु र १५ जना घाइते, उक्त भिडन्त हिजो बेलुकादेखि अहिलेसम्म पनि जारी ।
- रौतहट नेपाली काङ्ग्रेस कार्यकर्ताको घरमा विस्फोट ।
- सरकारमा सहभागी नेकपा एमाले सरकारबाट नहट्ने
- सरकारको काम गराई फितलो भएको एमालेको स्वीकारोक्ति ।
- हरि थापाद्वारा लिखित *विदेशी सहायताको दुरुपयोग* नामक पुस्तक पूर्व महालेखा परीक्षक विष्णुबहादुर केसीद्वारा विमोचन ।
- पर्वतका शालिग्राम पौडेल सुरक्षाफौजद्वारा पक्राउ, तर सुरक्षाफौज मौन ।
- लुम्बिनी ओभरसिजद्वारा श्रम मन्त्रालयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर ।
- जाजरकोटमा नागरिकता बनाएमा आयोडिनयुक्त नुन निःशुल्क पाइने ।

स्रोतः समाचारको अडियो रेकर्ड ।

घटना, दुर्घटना आदि प्रसारण हुन्थे । यसमा ताप्लेजुङदेखि जुम्ला र झापादेखि दार्चुलासम्मका घटनाहरू पनि पर्न सक्थे । समाचारमा खेल, मौसम र अन्तर्राष्ट्रिय गतिविधिहरूले पनि ठाउँ पाउने गरेका थिए । खेलकुदमा भने फुटबल र क्रिकेटका विषयले केही बढी ठाउँ पाएका थिए । स्थानीयभन्दा अन्तर्राष्ट्रिय स्तरका खेलहरूले नै बढी ठाउँ पाएका थिए । अन्तर्राष्ट्रिय राजनीतिक वृत्तका समाचारहरूले पनि काठमाडौँका रेडियोमा ठाउँ पाउन सकेका थिए ।

**बक्स नं. ५.६: मेट्रो एफएमको *मेट्रो खबर* (२०६१ माघ १०, दिउँसो १२:४५) मा प्रसारित मुख्य शीर्षक**

- समस्या समाधानको लागि प्रतिनिधि सभा पुनर्स्थापना गर्नुपर्ने एमाले नेता प्रदीप नेपालको भनाइ ।
- माओवादीद्वारा पर्साको अमरपट्टीमा आमाको क्रियामा बसेका एक प्रहरी सहायक निरीक्षकको गोली हानी हत्या (स्थानीय संवाददाता ओम बुढा) ।
- सिन्धुली र मकवानपुरको सिमानामा माओवादी एम्बुसमा परी ७ सुरक्षाकर्मीको मृत्यु ।
- विभिन्न कार्यक्रमका साथ सहिद सप्ताह मनाइँदै ।
- माओवादीद्वारा आह्वान गरिएको सिराहा, कास्की, चितवन बन्दले जनजीवन प्रभावित ।
- सुनामी छालको कारण ४ हप्तासम्म हिन्द महासागरमा बेपत्ता भएका युवक सम्पर्कमा ।
- इराकमा जनवरी ३० मा हुने चुनावलाई मध्यनजर राखी सुरक्षा व्यवस्था कडा ।
- इराकबाहिर रहेका ५ लाख इराकीहरूले आगामी निर्वाचनमा भाग लिन नाम टिपाए ।
- इराकको चुनावमा महिलाहरू पनि उम्मेद्वार बन्न पाउने ।
- सहिद स्मारक लिग खेल कार्यक्रम स्थगित गरियो ।
- मनाङ मर्स्याङ्दी पुनः दोस्रोपटक 'आहा गोल्ड कप' जित्न सफल ।

स्रोतः समाचारको अडियो रेकर्ड ।

उपत्यकाका एफएम रेडियोहरूले उठाउने समाचारका विषय हेर्दा तिनमा प्रारम्भमा थरीथरीका सपना भए पनि अभ्यास गर्दै जाँदा सुरुको सपनाले अर्कै रूप लिइसकेको देखिन्छ । काठमाडौँ महानगरपालिकाद्वारा सञ्चालित मेट्रो एफएमले खास गरी महानगरपालिकाको दैनिक राजस्व कति उठ्यो, ढल, पानी, सडक, बिजुली, सडक पेटीको निर्माण, मठ मन्दिरको संरक्षणबारे के प्रयास भएका छन् ? भन्नेबारेमा महानगरका श्रोताहरूलाई जानकारी दिने लक्ष्य राखेको थियो । तर समाचारको अभ्यास गर्दै जाँदा राजनीतिक समाचारले नै बढी ठाउँ पाउँदै गए । चाहे ती विषय राष्ट्रिय हुन् वा स्थानीय । मेट्रो एफएमको समाचारमा ४६ प्रतिशत राष्ट्रिय, २७ प्रतिशत स्थानीय, १५ प्रतिशत अन्तर्राष्ट्रिय र ११ प्रतिशत खेलकुदसम्बन्धी विषय रहेका थिए (बडाल २०६१ख) ।

## समाचारका प्रकार

समाचारको वर्गीकरण क्षेत्रगत आधारमा गरिने अन्तर्राष्ट्रिय अभ्यास भएकाले काठमाडौँका रेडियो स्टेसनहरूले समाचारलाई राष्ट्रिय, स्थानीय र अन्तर्राष्ट्रिय समाचार गरी तीन भागमा बाँडेका हुन् । एण्ड्र्यू बोड (सन् २००१एः २३-२७) ले *ब्रोडकास्ट जर्नालिज्म* पुस्तकमा मुख्य रूपमा आकस्मिक घटना, अपराध, राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार, योजना र विकास, द्वन्द्व र विवाद, दबाब समूह, उद्योग, स्वास्थ्य, मानव रूचि, व्यक्तित्व, खेल, मौसम, मौसमी समाचार, ट्राफिक, जनावर आदिलाई समाचारको वर्गीकरणमा राखेका छन् । रेडियोसँग हुने सीमित समयका कारण सबै विषयले समाचारको रूपमा प्रसारण हुन पाउँदैनन् । समाचार आम चासोको विषय भए पनि निजी रेडियो स्टेसनका आफ्नै स्वार्थ भएकाले पनि सबै विषयले समाचार हुन पाएका थिएनन् । समाचारका लागि भनेर छुट्ट्याइएको समय र विषयको गाम्भीर्यले पनि समाचारको प्रस्तुतिमा फरक पारेको हुन्छ । यसै सन्दर्भमा रघु मैनाली भन्छन्–

> ताजा र नौलो प्रकृतिका राष्ट्रिय वा अन्तर्राष्ट्रिय विषयहरू नै रेडियोमा समाचार बन्ने गरेका छन् । रेडियो स्टेसनको भूमिका आफ्ना श्रोताहरूलाई के सूचना दिने भन्नेमा तल्लीन रहनु पर्दछ । त्यसका लागि क्षेत्र, वर्ग र सीमामा बाँधिनु हुँदैन । वर्गीकरणका नाममा स्थानीय विषय ओझेलमा पर्नु हुँदैन । राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयहरू स्थानीयतासँग कहीँ न कहीँ जोडिनुपर्ने हुन्छ । जुन विषय विज्ञान र प्रविधिसँग सम्बन्धित हुने गरेका छन् । सूचना पाउने कुरामा रेडियोको वर्गीकरण गरेर समाचारलाई बन्देज लगाउनु हुँदैन । ज्ञानका कुराहरू जसरी पनि श्रोताहरूले पाउनु पर्छ ।[१२]

स्टेसनहरूले प्रसारण गर्ने समाचारबारे स्पष्ट खाकाहरू नबनाएकाले पनि यिनै विषयहरूले समाचारको रूप ग्रहण गर्छन् भन्ने निश्चित थिएन । घटनाप्रधान समाचारले पहिलो प्राथमिकता पाउने हुनाले स्टुडियोमा प्राप्त भएका सबै विषयलाई राम्रोसँग रूजु गरेपछि मात्र प्रसारण गर्ने चलन थियो ।

## समाचार बन्ने प्रक्रिया

समाचार शाखामा काम गर्नेहरू कोही बिहान निस्किएका पत्रिका केलाइरहेका, कोही टिभीमा विभिन्न च्यानलहरू हेरिरहेका, कोही कार्यक्रममा गएका हुन्थे भने कोही काठमाडौँ बाहिरका समाचार फोन वा फ्याक्सबाट प्राप्त गरिरहेका हुन्थे ।

---

[१२] २०६२ साउन २४ मा रघु मैनालीसँग गरिएको कुराकानीबाट ।

समाचार निर्माणका क्रममा एफएम स्टेसनको समाचार शाखामा देखिने दृश्यहरू यिनै हुन् । झट्ट हेर्दा समाचार बनाउने यो प्रक्रिया सरलै देखिन्छ । तर सधैँ भरिको प्रक्रिया यो मात्रै भने होइन ।

सुरुआतताका घरबाट स्टुडियोसम्म पुग्दा बाटोमा जे देख्यो त्यो नै समाचार बन्ने गरेको थियो । तर, २०६१ को उत्तरार्धतिर आइपुग्दासम्म विश्वको कुनै कुनामा भएको घटनाहरू पनि एक डेढ घण्टामा अनलाइनमार्फत प्राप्त गरी प्रसारण हुने गरेका थिए । नेपालकै विभिन्न भागका गतिविधिहरूले पनि रेडियो समाचारमा ठाउँ पाएका थिए ।

खेलकुद प्रतियोगिता हुने केही ठाउँमा आफ्ना संवाददाता जाने भए पनि सबै ठाउँमा सम्भव थिएन । राष्ट्रिय स्तरका खेलकुदका समाचार प्रायः गरेर विज्ञप्तिमार्फत नै आउने गरेका थिए । मौसमसम्बन्धी समाचार मौसम विज्ञान विभागबाट सीधै फ्याक्समार्फत र कुनै बेला फोनबाट पनि प्राप्त भएका थिए । सामाजिक, शैक्षिक र धार्मिक सङ्घ संस्थाका कार्यक्रम, प्रहरी र सेनाका गतिविधिहरू पनि फ्याक्समार्फत नै प्राप्त भएका थिए । तीबाहेक कुनै कार्यक्रमबारे स्वयं कार्यक्रम गर्नेहरू र केही अवस्थामा शुभचिन्तकहरूले पनि स्टेसनको समाचार हुन सक्छ भनेर पठाइदिने गरेका थिए । त्यसरी विभिन्न तरिकाबाट प्राप्त हुने समाचारलाई केहीमा स्रोतसहित र केहीमा बिनास्रोत पनि समाचार पढिन्थे । ती समाचारहरू सामान्यतया तीनओटासम्म बुलेटिनमा दोहोर्‍याएर प्रसारण गरिएका थिए ।

काठमाडौँबाहिरका समाचार आफ्नो प्रतिनिधि भए उसले नै स्टेसनका लागि समाचार पठाउँथ्यो । तर प्रतिनिधि नभएको अवस्थामा स्थानीय रेडियो स्टेसनले समाचारका लागि सघाउँथ्यो । रेडियो स्टेसन पनि नभएको ठाउँमा पत्रपत्रिकाका स्थानीय संवाददातासँग समाचार लिने व्यवस्था मिलाइएको थियो । काठमाडौँबाहिरका एफएम स्टेसनसँग सबै स्टेसनले समाचार आदानप्रदान गर्ने समझदारी बनाएका थिए । तसर्थ काठमाडौँमा अपर्झट केही भइहाल्यो भने त्यसबारे उनीहरूलाई समाचार पठाउने र उनीहरूका ठाउँका विशेष घटना भए त्यसबारे काठमाडौँका रेडियोहरूलाई पनि पठाउने गरेका थिए । समाचार पठाएबापत पारिश्रमिक स्वरूप केही रकम समाचार पठाउनेले पाउँथे ।[१३] समाचारको प्रकृतिअनुसार स्टेसनहरूले पचास रुपियाँदेखि दुई सयसम्म दिने गरेका थिए ।

---

[१३] रेडियो सगरमाथाका घमराज लुइँटेलसँग २०६२ साउन १०, भरत शाक्यसँग २०६१ फागुन ६ र रबिन सिटौलासँग २०६२ असार ३० मा गरिएको कुराकानीका आधारमा ।

### *मेट्रो एफएम*

समाचार बनाउने प्रक्रिया अरू स्टेसनको भन्दा त्यति फरक थिएन । महानगरद्वारा सञ्चालित रेडियो भएका कारण धेरै समाचार महानगरको नै हुने गरेको थियो सुरुआत कालतिर । श्रोताहरूले पनि अन्य समाचार दिनु पर्‍यो भन्ने सुझाव र टिप्पणीहरू पठाउन थाले । साथै फोनबाट पनि प्रतिक्रिया माग्न थालेपछि अरू समाचार दिन थालिएको थियो भन्छन् यज्ञ बडाल । काठमाडौँ उपत्यकामा मात्र संवाददाता राखिएका थिए । बाहिर जिल्लामा रहेका अन्य सहकर्मीले सहयोगस्वरूप समाचार पठाइदिन्थे । तीबाहेक पत्रपत्रिका, रेडियो टिभी र अनलाइनले पनि समाचार सङ्कलनमा सहयोग पुर्‍याएको थियो । महानगरको संयन्त्रले पनि समाचार पठाउनमा सहयोग गरेको थियो । महानगर सरकारको स्थानीय निकाय भएकाले पदीय संरचना निजामती कर्मचारीको जस्तो थियो । अर्थात् शाखा अधिकृत, सुब्बा, खरीदार जस्ता पद राखिएका थिए । “रेडियो स्टेसन भएपछि पदीय संरचना मिलेन भन्ने धेरै पटकको गुनासो गएपछि महानगरपालिकाको बोर्डले दुई पद समाचार प्रमुख र संवाददाता मात्र बनाइदिएको छ” भन्छन् यज्ञ बडाल । सरकारी निकाय भएकाले कर्मचारीलाई सेवाबाट हटाउन सजिलो छैन । अन्य रेडियो स्टेसनको भन्दा कर्मचारीहरू जागीरको हिसाबले बढी सुरक्षित छन् ।

### *इमेज एफएम*

समाचारको सङ्कलन गर्न आफ्नै संवाददाताका साथै पत्रपत्रिका, टेलिभिजन, रेडियो, अनलाइन पनि प्रमुख माध्यम भएको भरत शाक्य प्रस्ट पार्छन् । सबै ठाउँमा संवाददाता पुग्न नसक्ने हुँदा टेलिफोनबाट पनि घटना र गतिविधिबारे विस्तृत रिपोर्टिङ हुने गरेको थियो । फिचरमूलक समाचारहरूका लागि बढी मिहिनेत गर्नुपर्ने हुँदा त्यस्ता समाचार रेडियोबाट कमै प्रसारण भएका थिए । समाचार सङ्कलनलाई मोबाइल फोनले धेरै सजिलो बनाइदिएको थियो । मोबाइल फोनकै कारण विभिन्न घटनाहरूको प्रत्यक्ष प्रसारण (लाइभ रिपोर्टिङ) गर्न सम्भव थियो ।

समाचार सङ्कलन त्यसरी हुने भए पनि स्टेसनले ती कुराहरूलाई पक्कापक्की गरेपछि मात्र प्रसारण हुने गरेको थियो । तर पनि केही अवस्थामा समाचारको प्रतिस्पर्धाका कारण सम्पादन नभई पनि प्रसारण भएका थिए । सम्पादन भन्ने कुरा केही खँदिलो र स्तर कायम गर्ने प्रक्रिया भएकाले त्यस कुराप्रति बढी सचेत नै थियो स्टेसन । त्यही कामको लागि सम्पादक र डेस्क सम्पादक राखिएका थिए । प्रसारणका लागि योग्य वा अयोग्य हेर्ने जिम्मेवारी डेस्क प्रमुख वा

सम्पादकले पाएका थिए । उनीहरूले समाचार प्रसारण गर्न सक्ने वा हटाउने अधिकार भए पनि अपर्झट आउने सरकारी निर्णय वा विज्ञप्ति र विभिन्न दुर्घटनाका समाचार प्रसारण भएकै थिए ।

## *रेडियो एचबीसी*

समाचारमा के-के विषय राख्ने भन्नेबारे हस्तक्षेप नगरेको कारण समाचार शाखा स्वतन्त्र भएको रबिन सिटौला बताउँछन् । न्यूज रेडियोको रूपमा विकास गर्ने सोच स्टेसनले लिएको भए पनि त्यसअनुरूप पूर्वाधार बन्न बाँकी नै थियो । बाग्मती अञ्चलबाहेक नेपालका धेरै जिल्लामा संवाददाता राखिएका थिए । ती संवाददाताबाहेक अन्य कुनै माध्यमबाट प्राप्त भएका सूचनाहरू स्टुडियोमा आएपछि डेस्क प्रमुखले हेरेर सम्पादन गर्दथे । तर पनि समाचार कहाँबाट कसरी सङ्कलन गर्ने भन्ने निश्चित मापदण्ड रेडियोमा बनाउन नमिल्ने तर्क सिटौलाको थियो । किनभने समाचार धेरै तरिकाबाट सङ्कलन हुन्छ, योबाट मात्र समाचार बन्छ भन्ने निश्चित प्रक्रिया नै हुँदैन । समाचार प्रसारण हुन्छ वा समाचार योग्य बन्छ भन्ने कुराको अन्तिम निर्णय गर्ने जिम्मा डेस्क प्रमुखलाई दिइएको थियो । तीन सत्रका लागि डेस्क प्रमुख तीनओटा थिए । बिहानी सत्र, दिवा सत्र र रात्रीकालीन गरी तीन सत्र छुट्टयाइएका थिए । २४ घण्टा प्रसारण हुने भए पनि समाचारका लागि बिहान ६:०० देखि साँझ ६:३० सम्मको समय नै मुख्य रूपमा समाचार अवधि मानिएको थियो ।

## समाचारका स्रोत

समाचार प्रसारण गर्ने सबै रेडियोहरूले पाउने सूचना एकै किसिमको नहुने हुँदा धेरै तरिका अपनाएर जम्मा गर्नुपर्ने अवस्था थियो । युरोप तथा अमेरिकामा सन् १९५० को दशकमा पनि रेडियोहरू प्रसारण गर्ने समाचारको लागि पत्रपत्रिकामा नै भर पर्दथे (केथ र क्राउज सन् १९८६: १००) । झन्डै ५५ वर्ष पछाडिको अवस्थालाई नियाल्ने हो भने अझ पनि रेडियोहरूले केही समाचार पत्रिकाबाट नै लिने गर्छन् । उनीहरूले प्रयोग गर्ने रेडियो समाचारको स्रोत राम्ररी ठम्याएर दिने परिपाटी बनेको बीबीसी नेपाली सेवाका रवीन्द्र मिश्र बताउँछन् ।[१४]

पत्रपत्रिकाको समाचार नदिएर रेडियो स्टेसनहरूले समाचार बनाउन नै सक्दैनन् भन्ने त होइन, तर पनि पत्रिका भनेका रेडियोका अति भरपर्दा स्रोत हुन ।

---

[१४] रवीन्द्र मिश्रसँग २०६२ साउन १९ मा गरिएको कुराकानीबाट ।

रेडियो स्टेसनहरूले आफ्नो यथेष्ट जनशक्ति छ र तिनैबाट समाचारको आपूर्ति छ भनेपनि त्यसैमा भर पर्नुपर्ने अवस्था छैन । बिहानमा समाचार प्रसारण गर्ने रेडियो स्टेसनहरू सबैले अखबारका समाचार नै दिने गरेका थिए । तर घटना भएका बेलामा भने विशेष समाचार (ब्रेकिङ न्यूज) दिने गरेका थिए । समाचार बिहानै दिनुपर्ने र सबै घटना बिहानमा नै हुन्छन् भन्ने थिएन, त्यसैले समाचार कभर गर्नका लागि अखबारमा नै भर पर्नुपर्ने बाध्यात्मक अवस्था थियो । नेपालमा अन्य रेडियो, टेलिभिजन वा अनलाइन मिडियाले प्रसारण गरेका समाचार एक आपसका स्रोत बन्ने गरे पनि यी कुराहरू प्रत्यक्ष रूपमा समाचार यहाँबाट लिइएको हो भनेर स्रोत दिने गरिएका थिएनन् ।[१५] सरकारी सञ्चारमाध्यम राससले प्रेषित गरी *गोरखापत्र*ले छापेका समाचारहरूलाई स्रोत उल्लेख नगरी विभिन्न रेडियोहरूले प्रसारण गर्दै आएका थिए । विभिन्न दाता राष्ट्रसँग गरिने आर्थिक सम्झौताहरूको समाचार सरकारी स्रोतमा नै भर गर्नु पर्ने हुन्छ । ग्राहक बनेर राससका समाचार पाइने भए पनि अरू मिडियामा समेत स्वामित्व भएका कान्तिपुर र इमेज एफएमबाहेक अरू राससको ग्राहक नबनेका कुराको पुष्टि राससका प्रबन्ध निर्देशक कमल प्रधान गर्छन् ।[१६] *कान्तिपुर* दैनिक ग्राहक भएबापत उसले प्राप्त गर्ने समाचार प्याकेजलाई नै कान्तिपुर एफएमले पनि प्रसारण गर्दै आएको छ । इमेजको अवस्था पनि फरक छैन । टिभीको समाचारको लागि ग्राहक बने तापनि त्यही समाचार इमेज एफएमले पनि प्रयोग गर्दै आएको थियो ।

अन्तर्राष्ट्रिय गतिविधि, खेलकुद र नेपालसम्बन्धी आउने विभिन्न विषयहरूका लागि अनलाइन सेवा र समाचार एजेन्सी प्रमुख स्रोत हुन् । नेपालमा ज्यादा प्रचलनमा रहेका समाचार एजेन्सीहरूमा एपी, एएफपी, रोयटर्स, सिन्ह्वा पर्दछन् । कान्तिपुर एफएमका लागि यी एजेन्सीहरू भन्दा अन्तर्राष्ट्रिय अनलाइन सेवाहरू ज्यादा प्रयोग गरिएको थियो (हेर्नुहोस् अध्याय ७) । यिनका अतिरिक्त बीबीसी,

---

[१५] उदाहरणको रूपमा रेडियो सगरमाथाले समाचार पौनेको समयमा दिने गर्छ, अर्थात् २:४५ बजे दिने समाचारको लागि २:०० बजे अरू स्टेसन एचबीसी र इमेजले के के समाचार प्रसारण गरे भनेर सुन्ने गरिन्छ । आफूले बनाएको समाचारभन्दा फरक वा नौलो विषयवस्तु भेट्टिएमा आफ्नो बुलेटिनमा राख्छन् । कान्तिपुर एफएमले बनाउने समाचारको प्रक्रिया पनि उस्तै हो, अर्थात् तीन बजे समाचारको लागि त्यसअघि प्रसारण हुने इमेज, एचबीसी वा अरू स्टेसनले के प्रसारण गरे भन्ने सुनेर समाचार बनाउने परम्परा छ । तर त्यो समाचारको स्रोतको रूपमा उल्लेख गरिँदैन । यो स्थिति ती दुई एफएममा मात्र नभई समाचार प्रसारण गर्ने सबै एफएमको बाध्यात्मक अवस्था हो । अरू स्टेसनका समाचारलाई समाचारको कच्चा पदार्थ माने पनि समाचारको जस दिने परम्परा नै नभएको देखिन्छ ।

[१६] २०६२ साउन १७ मा कमल प्रधानसँग गरेको कुराकानीबाट ।

सिएनएनका अनलाइन सेवा रेडियोका लागि ज्यादा प्रयोग हुने गर्दथे । पत्रपत्रिकाका खबरहरूलाई रेडियोमा प्रसारण गर्ने तर स्रोत उल्लेख नगर्ने परिपाटी नौलो होइन । यसको मार ब्रोडसीट पत्रिकालाई बढी पऱ्यो भन्ने आरोप त छँदै छ । म्यागजिन पनि यसबाट अछुतो रहन सकेनन् । यसबारेमा *हिमाल* खबरपत्रिकाका समाचार प्रमुख शिव गाउँले भन्छन्–

> रेडियोमा समाचार ब्रोडसीटका साथै म्यागेजिनबाट पनि लिइएका हुन्थे । तर मारमा ब्रोडसीटभन्दा म्यागेजिन बढी परेका थिए । कसैको अनुमति नलिई रेडियोबाट समाचार प्रसारण गरिनु व्यवसायिक आचरण विरुद्ध हो र त्यो पत्रकार आचारसंहिताको समेत उल्लङ्घन हो । रेडियो स्टेसनहरूले खर्च जोगाउन नै अखबार पढेका हुन् । तर त्यसरी समाचार पढ्न पाइन्छ वा पाइँदैन अथवा स्रोत खुलाएर पनि पाइन्छ कि पाइँदैन भन्ने बारेमा कुनै कानून तथा नियमहरू छैनन् । समाचारमा स्रोतको पुष्टि नभएसम्म वा समाचारको आधिकारिकताबारे पीडित व्यक्ति अथवा संस्था नै नआएसम्म केही हुन सक्दैन । रेडियो पत्रकारितामा बाहेक समग्र पत्रकारितामा माग अनुसारको जनशक्ति आपूर्ति हुन नसकेकोले यस्तो स्थिति आएको हो ।[१७]


प्रतिलिपि अधिकारसम्बन्धी ऐनको प्रभावकारी अनुगमन नभएका कारण पनि स्रोत उल्लेख नभई समाचार प्रसारण हुने गरेका थिए भन्न सकिन्छ । पत्रपत्रिका, संवाददाता, टिभी, इमेल/इन्टरनेट (अनलाइन) बाहेक अरू रेडियो स्टेसन, समाचारका गतिला स्रोत भएका र आवश्यक परेको खण्डमा प्रयोग भए पनि तिनीहरूलाई आफ्ना स्रोतको रूपमा स्वीकार गरिएको छैन । थोरै जनशक्ति राखेर कार्यक्रम चलाउन खोज्दा एउटै जनशक्तिले चारैतिर भ्याउन नसक्ने भएकाले नै अन्य माध्यममा भर पर्नु परेको हो । "साना मसिना कमी कमजोरी भए पनि नेपालमा रेडियोको अभियान सोचेभन्दा धेरै सफल छ र यिनीहरूले आफ्नै संयन्त्र तयार बनाउनु पर्छ" भन्दै पत्रकार कनकमणि दीक्षित अगाडि थप्छन्–

> रेडियोको संरचना बनाउनेतर्फ स्टेसनहरूले पर्याप्त ध्यान दिन सकेनन् । तर पनि एफएम रेडियोको सस्तो र जहाँ पनि उपलब्ध प्रविधि भएकाले यसमा सबैको पहुँच पुग्न सक्यो । सामाजिक चेतनाको स्तर उकास्ने मात्र नभई ग्रामीण भेकमा सूचना दिन यी रेडियो स्टेसनहरू धेरै सफल भएका छन् । बिहान ६:०० बजे काठमाडौं सुतिरहेको हुन्छ तर त्यति नै बेला काठमाडौंबाट प्रसारण हुने समाचार सुनेर पूरा गाउँ नै जुर्मुराएको हुन्छ । रेडियोले आफ्नै बुताबाट समाचार दिन सक्नुपर्छ, बाहिर अरूले दिएका समाचार

---

[१७] गाउँलेसँग २०६२ साउन १० मा गरेको कुराकानीबाट ।

पढ्नु हुँदैन । रेडियोले पत्रिकाले जस्तो बासी समाचार दिने होइन । जति समाचार दिन सकिन्छ त्यति नै दिनु पर्छ सबै भ्याउनु पर्छ भन्ने छैन । सकेसम्म ताजा समाचार र त्यसमा पनि प्रत्यक्ष वर्णन गर्न सक्नु पर्छ ।[१८]



**SRI TOLARAM DUGAR FELICITATION COMMITTEE-2005**

Patron: Rt. Hon'ble Swami Dr. Prapannacharya

KATHMANDU

Chairman
Hulas Chand Golchha

Vice-Chairmen
Padma Jyoti
(Past President, Fedn. of Nep. Chambers of Com. & Ind.)
Ravi Bhakta Shrestha
(Past President, Fedn. of Nep. Chambers of Com & Ind.)
Chiranjiwi Lal Sarawagi
(President, Nepal National Marwari Council)
Chiranji Lal Agrawal
(Past President, Nepal National Marwari Council)
Pawan Mittal
(President, Marwari Sewa Samiti Nepal)
Birendra Kumar Hirawat
(President, Sri Jain Swetamber Terapanthi Sabha, Kathmandu)
Ganga Bishan Rathi
(Past President, Marwari Sewa Samiti, Biratnagar)

General Secretary
Prem Lashkery
(Founder President, Nepal-Bharat Friendship Society)

Treasurer
Jyoti Kumar Begani
(Past President, Nepal Jain Parishad)

Secretaries
Bimal Singh Surana
(President, Bhagwan Mahavir Jain Niketan)
Dinesh Kumar Naulakha
(President, Nepal Jain Parishad)

Co-ordinators
Rt. Hon'ble Jaya Prakash
(Felicitations)
Ramesh Taparia
(Ceremony)
Shyam Sunder Ghiraiya
(Memento)
Suresh Kumar Sharma
(Publication)
Lokmanya Golchha
(Media)
Kumud Dugar
(Hospitality)

प्रेश विज्ञप्ती

श्री तोलाराम दुगड अभिनन्दन समिति – २०६२

टि.एम.दुगड ग्रुपका अध्यक्ष तथा वरिष्ठ उद्योगपति एवं समाजसेवी श्री तोलाराम दुगडज्यूको ७५ औ बर्षको उपलक्ष्यमा यही २०६२ साल भाद्र ३० गते तदनुसार ता.१५ सेप्टेम्बर २००५ का दिन नागरिक अभिनन्दन गरिने कार्यक्रम भएको उपलक्ष्यमा वरिष्ठ उद्योगपति तथा गोल्छा अर्गनाइजेशनका उपाध्यक्ष श्री लोकमान्य गोल्छाज्यूको समुपस्थिती र बिशौ पटक सम्म रक्त दान गरिसकेका नेपाल समुन्द्र पार निकासी पैठारी संघका वर्तमान अध्यक्ष श्री अखिल कुमार चापागाईज्यूको संयोजकत्वमा टि.एम.दुगड ग्रुपका विभिन्न कर्मचारीहरुबाट सोही ग्रुपको हेड अफिस दुगड निवास, कान्तिपथ, काठमाण्डौमा रक्त दान कार्यक्रमको आयोजना गरी ब्यापक सहभागीताका साथ रक्त दान कार्यक्रम सम्पन्न गरियो । श्री अखिल कुमार चापागाई द्वारा रक्त दान गरी शुरुवात गरिएको उक्त कार्यक्रममा टि.एम.दुगड ग्रुपका विभिन्न कर्मचारीहरु तथा अन्य गण्य मान्य ब्यक्तीहरुबाट समेत गरी ५० भन्दा.बढी महानुभावहरुबाट स्वस्फूर्त ढङ्गले रक्त दान गरिएको थियो ।

भवदीय

नि.श्री तोलाराम दुगड अभिनन्दन समिति - २०६२


Office: Golchha House, Ganabahal, Kathmandu, Phone: 4249114, 4250001, Fax: 977-1-4249723, e-mail:hcg@golchha.com

तस्बिर ५.१: *हालचाल*मा समाचार प्रसारणका लागि प्राप्त प्रेस विज्ञप्ति (सौजन्यः रेडियो सगरमाथा) ।

प्रहरी, अदालत, सरकारी कार्यालयहरू पनि समाचारका भण्डार मानिन्छ । त्यसबाहेक अन्य रेडियो स्टेसन र सिनेमाहरू पनि रेडियो समाचारका लागि गतिला स्रोत हुन् भन्छन् स्टेफन बर्नाड (सन् २०००: १४७) । रेडियो स्टेसनहरूमा विभिन्न सङ्घ संस्थाहरूले विज्ञप्तिहरू, आफूले गरेका कार्यक्रमका विवरण फ्याक्समार्फत

[१८] दीक्षितसँग २०६२ साउन १० मा गरेको कुराकानीबाट ।

पठाउँथे (हेर्नुहोस् तस्बिर ५.१) । समाचार प्रसारण गरिदिन अनुरोधसहित पठाइने फ्याक्समा यो कार्यक्रम भयो, यी-यी व्यक्तिले बोले भन्ने विवरण हुन्थे । सबै ठाउँमा स्टेसनका संवाददाता पुग्न नसक्ने हुँदा त्यसरी फ्याक्समार्फत आएका समाचारहरूले पनि रेडियोका समाचारमा स्थान पाउँथे (हेर्नुहोस् तस्बिर ५.२) ।


(#) उद्यमी-व्यवसायीहरूले लामो समयदेखि नेपाली उद्योग क्षेत्रमा सक्रिय उद्योगपति तोलाराम दुगडको अभिनन्दन गर्ने भएका छन्।

बिहीबार काठमाडौंमा हुने अभिनन्दन कार्यक्रमका लागि उद्यमी व्यवसायीहरूले तोलाराम दुगड अभिनन्दन समिति गठन गरेका छन्। आज काठमाडौंमा आयोजित पत्रकार भेटघाटमा अभिनन्दन समितिका सदस्य लोकमान्य गोल्छाले १२ वर्षको उमेरदेखि उद्योग क्षेत्रमा समर्पित तोलाराम दुगडलाई कदरस्वरूप अभिनन्दन गर्न लागिएको जानकारी दिनुभयो।

दुगडको पचहत्तरौं जन्मोत्सवका अवसरमा आजै राजधानीमा रक्तदान कार्यक्रम भएको थियो।

तस्बिर ५.२ः प्रेस विज्ञप्तिको आधारमा रेडियो सगरमाथाको २०६२ भदौ ३०, साँझ ६:४५ बजेको *हालचाल*मा प्रसारित समाचार (सौजन्यः रेडियो सगरमाथा) ।

समाचारका स्रोतहरू के-के हुन् भन्नेबारेमा ठाउँ र अवस्थाअनुसार फरकफरक किसिमले प्रयोग भएको पाइन्छ । छापा माध्यममा प्रयोग हुने स्रोतहरू रेडियोमा उपयुक्त नहुन पनि सक्छन् । यसबारेमा एण्ड्र्यू बोड (सन् २००१बीः २९-४५) ले समाचारका स्रोतहरूलाई १८ खण्डमा बाँडेर हेर्न सकिन्छ भनेका छन् ।[१९] सामुदायिक रेडियोमा समाचारका स्रोतलाई मधु आचार्य (सन् २००४) ले भने

[१९] यससम्बन्धी थप चर्चा अध्याय ८ मा गरिएको छ ।

आठ भागमा बाँडेका छन्, ती यसप्रकार छन्– समुदायका सदस्य, अरू स्टेसनका कर्मचारी, प्रेस विज्ञप्ति, गैसस र स्थानीय संस्थाका कार्यकर्ता, राजनीतिक नेता, स्थानीय सरकारी कार्यालय, पत्रकार र समाचार संस्थाहरू, आपतकालीन वा आकस्मिक सेवाहरू र सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरू । सार्वजनिक सेवा प्रदान गर्ने निकाय– प्रहरी, अदालत, खानेपानी, बिजुली, मालपोत आदि जस्ता कार्यालयबाट आउने सूचनाहरूलाई पनि समाचारको स्रोतको रूपमा लिइएको थियो र लिनु पनि पर्छ भन्ने प्रायः स्टेसनको सोचाइ रहेको पाइन्छ ।

कान्तिपुर एफएमका श्रीराम पौडेल समाचारको स्रोत र विश्वसनीयताबारे यस्तो विचार पोख्छन्–

> द्वन्द्वको ससमाचारमा स्रोतबारे बढी खोजी हुन्छ । सङ्कटकालमा त द्वन्द्वको समाचार स्रोत दिने निकाय भनेको नै जङ्गी अड्डा थियो । उनीहरूको विज्ञप्ति आएपछि मात्र समाचार दिने गरिएको थियो । समाचारको विश्वासनीयताले गर्दा स्रोतबारे त्यस्तो अप्ठेरो भोग्नु परेन । चाँडो समाचार दिँदा स्याबासी पाएको त छँदैछ, तर कहिलेकाहीँ समाचार छिटो दिँदा हुने समाचारको सानो कमजोरीमा सातो लिने समेत श्रोता छन् । समाचार पढ्ने मात्र नभई आफूले दिएको समाचार कस्तो हो भनेर बुझ्न पनि अति जरुरी छ ।[२०]

समाचारको स्रोत दिनुपर्ने वा नपर्ने बारेमा पनि प्रत्येक स्टेसनका आ-आफ्नै अवधारणा रहेका छन् । रेडियो सगरमाथाका स्टेसन म्यानेजर मोहन विष्टले सबै समाचारको सबै बेला स्रोत दिने नगरेको तर कुनैकुनै समाचारको पहिलो खण्ड ब्रेक हुँदा स्रोत दिने गरिए पनि पटकैपिच्छे दिन जरुरी छैन भन्छन् ।[२१] तर यो कुरा श्रोताले आफ्नो रेडियो मात्र सुन्छन् अरू सुन्दैनन् भन्ने भ्रम पनि हो । इमेज एफएमका स्टेसन म्यानेजर भरत शाक्य बिनास्रोत समाचार दिन नहुने धारणा राख्छन् । समाचार प्रसारण हुँदा स्रोत कहाँबाट लिइएको हो भन्ने जानकारी नदिए पनि स्टेसनसँग त्यस्तो कुराको प्रमाण भने हुनुपर्छ उनी थप्छन् ।

रेडियोलाई विश्वसनीय र श्रोताप्रति उत्तरदायी बनाउने हो भने रेडियोले स्रोत दिन कञ्जुस्याइँ गर्न हुँदैन भन्ने धारणा रेडियो एचबीसीका स्टेसन संयोजक रविन सिटौलाको छ । समाचारको स्रोत कति आवश्यक र दिएको स्रोतले कति अप्ठेरो पार्छ भन्नेबारे उनी एउटा अनुभव अघि सार्छन्–

---

[२०] २०६२ साउन २५ मा श्रीराम पौडेलसँग गरेको कुराकानीबाट ।

[२१] २०६२ भदौ १२ मा मोहन विष्टसँग गरेको कुराकानीबाट ।

> २०६१ सालको जेठतिर रामेछापबाट आफ्नै संवाददाताको सही भएको फ्याक्स अफिसमा आयो। रिपोर्टमा माओवादीले थापेको एम्बुसमा परी केही शाही नेपाली सैनिकहरूको मृत्यु भएको लेखिएको थियो। आफ्ना संवाददातालाई समाचार पठाउँदा स्रोत राम्रोसँग पुष्टि गरेपछि मात्र पठाउने परिपत्र गरेकाले त्यहीअनुसार समाचार आएको बुझेर समाचार प्रसारण भयो। तर त्यो समाचार झुटा रहेछ। घटनाअनुसार माओवादी कार्यकर्ताहरूले बन्दुक देखाएर समाचार लेख्न लगाएर फ्याक्स गरेका रहेछन्। समाचार प्रसारण भएपछि सेनाले झुटा समाचार प्रसारण गऱ्यो भनेर रेडियो एचबीसीलाई कारबाही गर्ने धम्कीसमेत दिएको थियो। स्थितिलाई हेरेर माफी मागेपछि स्थानीय तहबाट पठाउने समाचारहरूलाई केन्द्रबाट पुनः पुष्टि गरेर मात्र प्रसारण गर्न थालिएको थियो।[२२]

## जनशक्ति

रेडियो जनशक्तिभन्दा पनि विभिन्न स्रोत र साधनका कारण स्टेसन सजिलैसँग चल्न सकेका थिए। रेडियो स्टेसनहरूले कति कर्मचारी राखेका छन् भन्ने कुरा देखिने भए पनि राख्ने प्रक्रिया वा जाँच के तरिका अपनाएर पदपूर्ति गरिन्छ भन्ने नियमावली थिएन। समाचार शाखामा भर्ना गरिने व्यक्तिका लागि चाहिने पूर्वाधारहरूमा समाचारबारे बुझ्न सक्ने अर्थात् भाव बुझ्ने, राम्रोसँग बोल्न सक्ने र पढेको भन्ने गरेका थिए। सकेसम्म पत्रकारिता पढेको हुनु पर्ने सामान्य सर्तहरू राखिएको कान्तिपुर एफएमका पूर्व स्टेसन म्यानेजर शरदराज गौतमको भनाइ थियो।[२३]

समाचार शाखामा कार्यरत व्यक्तिहरूको दक्षतामा समाचारको गुणस्तर भर पर्ने भएकाले उनीहरूका लागि तालिम पनि उत्तिकै जरुरी हुन्छ। आधारभूतबाहेक अरू तालिम पाएका थिएनन्। कर्मचारीहरूलाई सीप र तालिम दिएमा अन्यत्र जान सक्छन् भन्ने धारणाले पनि यहाँका स्टेसन चलाउनेहरू सकभर तालिम दिन खोज्दैनन् भन्ने तर्क अगाडि राख्छन् शरदराज गौतम। पत्रकारिता र तालिमबारे कुनै नीति वा निर्देशिका थिएनन्। रेडियोमा काम गर्ने प्रायः व्यक्तिहरू स्वयंले पैसा खर्च गरेर तालिम लिएका छैनन्। स्टेसनले बिदा वा अरू चाँजोपाँजो नमिलाइदिने हुँदा तालिम लिन सक्ने अवस्था पनि छैन।

### *मेट्रो एफएम*

२०५६ जेठमा *महानगर गतिविधि* सुरु गर्दा मेट्रो एफएमको समाचार शाखामा दीपेन्द्र भण्डारी एकजना मात्र थिए। २०६१ माघ १९ सम्म आइपुग्दा कुल १४ जना

[२२] २०६२ असार ३० मा रबिन सिटौलासँग गरेको कुराकानीबाट।

[२३] २०६१ फागुन ११ मा शरदराज गौतमसँग गरेको कुराकानीबाट।

पत्रकारहरूले मेट्रो एफएमलाई आफ्नो कार्यथलो बनाइसकेका थिए । तिनमा समाचार प्रमुख तथा काठमाडौँ उपत्यका भित्रका संवाददाता पर्दथे । काठमाडौँबाहिर



तस्बिर ५.३: *मेट्रो खबर* पढ्दै ज्ञानेन्द्र विवश र ललिता गिरी (साभार: *मेट्रो एफएम स्मारिका २०६१*, पृ. ३७) ।

भने कुनै संवाददाता वा स्ट्रीन्जर राखिएका थिएनन् । काठमाडौँबाहिरको समाचार विभिन्न माध्यममा कार्यरत पत्रकारहरूबाट सहयोगका रूपमा पठाइने गरिएको थियो । सुरुको *महानगर गतिविधि*मा दीपेन्द्र भण्डारीसहित किरण ढकाल, ज्ञानेन्द्र विवश र श्री कृष्ण महर्जन थपिए । समाचार प्रमुखको रूपमा यज्ञप्रसाद बडाल रहेका थिए । समाचारको बुलेटिन थपिने र समाचारका क्षेत्र (विट) पनि बढ्दै जाँदा काम गर्नेहरू पनि थपिँदै गएका हुन् । पहिले समाचार शाखामा काम गर्नेहरूको पद भने मिडिया गृहको जस्तो (समाचार शाखा) नभई श्री ५ को सरकारको प्रशासकीय संरचनाअन्तर्गत राखिएको छ । अर्थात् सम्पादक, उप-सम्पादक नभनी सुब्बा, खरीदार भनेर राखिएका थिए । २०६० देखि भने समाचार प्रमुख र संवाददाता भन्ने दुई पदमा समाचारका जनशक्तिलाई विभाजन गरिएको थियो । संवाददाता आफूले चाहेको विषयमा महानगरपालिकाले कहिलेकाहीँ तालिमको लागि मौका दिने भए तापनि सबै तालिममा पठाउने गरेको थिएन । तालिम सबैले पाउन् भन्नका लागि पनि उक्त व्यवस्था गरिएको थियो । हाल काम गरिरहेकाहरूले पनि सानो, ठूलो तालिम (एक हप्तेदेखि डेढ महिनेसम्म) तालिम पाएका थिए ।

## *इमेज एफएम*

सुरुमा *इमेज हाइलाइट्स* सञ्चालन गर्न दुईजना व्यक्ति मात्र संलग्न थिए । त्यस ताका स्टेसन म्यानेजर भरत शाक्यले समाचार प्रसारणका लागि पत्रपत्रिकाका शीर्षक छनोट गरिदिएपछि श्री ओम श्रेष्ठले समाचार भन्दथे । यो क्रम करिब छ महिना चलेपछि समाचारवाचनकै लागि उषा भट्टलाई थपियो । पछि श्रीराम पुडासैनी पनि यो समूहमा आएपछि समाचार शाखामा चार जनाको सहभागिता हुन थाल्यो । बिहान मात्रै प्रसारण हुने गरेको समाचार एक वर्षपछि बेलुका पनि प्रसारण हुन थाल्यो । *इमेज खबर*का नामले राति ९:०० बजे प्रसारण हुने यस समाचार वाचन गर्न अनन्त बज्राचार्य पनि थपिए ।



तस्बिर ५.४: *इमेज हाइलाइट्स*मा समाचार पढ्दै घनश्याम खतिवडा बायाँ र श्रीओम श्रेष्ठ दायाँ (सौजन्यः भरत शाक्य) ।

पछि समाचारका अरू बुलेटिन पनि थपिए । साँझ ६:०० बजेको बुलेटिन राससका कमल प्रधानको संयोजकत्वमा सञ्चालन भएको थियो । सो समूहमा राससकै सूर्यचन्द्र बस्नेत र रेडियो नेपालका संवाददाता माधव गैरेसहित अरू दुईजना पनि संलग्न थिए । २०५९ वैशाख १ पछि बिहान ९:०० देखि बेलुका ५:०० बजेसम्म घण्टाघण्टामा पाँच-पाँच मिनेटका समाचार थपिए । यसरी बुलेटिन थप गरिएपछि संवाददाता पनि बढे जसमा परशुराम मरासिनी र अरू दुई जना थिए । स्टेसनले आफ्नो आवश्यकताअनुसार अनुकूल हुने गरी जनशक्ति छनोट गरेको थियो, कुनै

स्पष्ट नीति थिएन । छनोट भई आएकाहरूलाई स्टेसनबाट नै सामान्य आधारभूत तालिमहरू दिने गरिएको थियो । स्टेसनले आफ्नै लगानीमा एक-दुई जनाबाहेक अरूलाई तालिममा पठाएको छैन ।

### *रेडियो एचबीसी*

२०५७ असोजमा समाचारको रूपमा *समय सन्दर्भ* प्रसारण हुँदा चार जनाबाट थालिएको थियो । समयको अन्तरालसँगै २०६१ माघसम्म आइपुग्दा यो सङ्ख्या बढेर १० जना पुगेको थियो । समाचार सङ्कलनको लागि काठमाडौँमा झन्डै १० जना र काठमाडौँबाहिर समेत गर्दा जम्माजम्मी ५६ जना व्यक्तिहरू समाचार शाखासँग आबद्ध थिए । काम गरिसकेकाहरू पुरानाबाट नयाँ आउनेहरूलाई एक हप्तादेखि दस दिनसम्मको अभिमुखीकरण तालिम दिने गरिएको रविन सिटौला बताउँछन् । कर्मचारी राख्ने वा फाल्ने कुराको निर्णय गर्ने जिम्मा व्यवस्थापनको थियो । समाचार शाखाको लागि कर्मचारी राख्न समाचार संयोजक पनि संलग्न भएको समूहले छनोट गर्ने परिपाटी थियो ।

## समाचारको आर्थिक पाटो

अखबारहरू एफएम रेडियोका लागि मुख्य स्रोत मानिएका थिए । त्यसैले सस्तो लगानीमा बुलेटिनहरू उत्पादन भएका थिए । अखबारले समाचार उत्पादनका लागि गरेको लगानी अप्रत्यक्ष रूपमा एफएम रेडियोहरूका लागि पनि हुने गरेको देखियो । एफएम रेडियोबाट अखबारको समाचार पढ्ने प्रचलन तीव्र भयो । यो क्रमलाई सबै समाचार प्रसारण गर्ने एफएम स्टेसनहरूले पछ्याउँदै गए । २०६१ माघ १९ अघिको स्थितिमा काठमाडौँका विभिन्न पाँचओटा एफएम स्टेसनले समाचार प्रसारणबाट गर्ने आम्दानी र त्यसका लागि गर्ने खर्चको विवरण तालिका ५.३ मा देखाइएको छ ।

यहाँ आम्दानी भन्नाले समाचार प्रसारणको अगाडि, पछाडि वा बीचको समयमा प्रसारण हुनेगरी प्राप्त हुने विज्ञापनबापतको आम्दानी भन्न खोजिएको हो । यसबाहेक कुनै किसिमको आम्दानी रेडियो स्टेसनले प्राप्त गर्दैनन् । खर्चमा भने समाचार शाखाका जनशक्तिलाई दिइने पारिश्रमिक, भत्ता, स्टेसनरी, सञ्चार, यातायात आदिबापतको खर्च पर्दछन् । तालिका ५.३ मा सरसर्ती हेर्दा कान्तिपुर र इमेज एफएमले समाचार शाखामा हुने खर्चको तुलनामा समाचार प्रसारणबाट नाफा आर्जन गर्न सकेको पाइन्छ । समाचार प्रसारण बन्द भएपछि आम्दानीको ठूलो हिस्सा गुमाउनु परेको कान्तिपुर एफएमको अनुभवले पनि स्टेसनको अर्थोपार्जनमा समाचारको महत्त्वलाई दर्शाउँछ । कान्तिपुर एफएमका प्रबन्ध निर्देशक विनोदराज ज्ञवालीले २०६१ माघ

१९ पछि एफएम रेडियोमा समाचार बन्द हुँदा आफ्नो स्टेसनको आम्दानीमा झन्डै ४० प्रतिशतले ह्रास आएको बताएका थिए ।[२४] रेडियो सगरमाथा झन्डैझन्डै बराबरको स्थितिमा रहेको देखिन्छ । रेडियो एचबीसीले समाचारबापतको आम्दानी रकम बताउन चाहेन । यद्यपि स्टेसन म्यानेजर रबिन सिटौला समाचारबाट आम्दानी पनि गर्न नसकेको र घाटामा पनि जानु नपरेको स्वीकार्छन् । त्यस्तै मेट्रो एफएमका लेखापाल किरण ढकाल रेडियोको सबै किसिमका आम्दानीहरूको एकमुष्ट हिसाब हुने हुँदा समाचारबाट के-कति प्राप्त भएको छ भन्ने छुट्टयाउन कठिन हुने भनाइ राख्छन् । यद्यपि समाचार प्रसारणबाट प्राप्त हुने आम्दानीभन्दा यसका लागि हुने खर्चको मात्रा नै बढी रहेको उनको अनुमान छ ।

**तालिका ५.३: स्टेसनको मासिक आम्दानी/खर्च र जनशक्ति**

| स्टेसनको नाम | आम्दानी (करिब) | खर्च (करिब) | जनशक्ति |
|---|---|---|---|
| कान्तिपुर एफएम | आठ लाख | पाँच लाख | काठमाडौँमा १५ जना, उपत्यकाबाहिर ६५ जना |
| इमेज एफएम | तीन लाख पचास हजार | डेढ लाख | काठमाडौँमा ७ जना, उपत्यकाबाहिर ३० जना |
| रेडियो एचबीसी | उल्लेख गर्न नचाहेको | डेढ लाख | काठमाडौँमा १० जना, उपत्यकाबाहिर ५६ जना |
| मेट्रो एफएम | छुट्टयाउन कठिन* | डेढ लाख | काठमाडौँमा १५ जना, उपत्यकाबाहिर छैनन् |
| रेडियो सगरमाथा | डेढदेखि दुई लाख | पौने दुई लाख | काठमाडौँमा १५ जना, उपत्यकाबाहिर १० जना |

स्रोतः सम्बन्धित स्टेसनबाट प्राप्त अनुमानित विवरण । रेडियो सगरमाथाको आम्दानी खर्चबारे थप विवरणका लागि अध्याय ६ मा हेर्नुहोस् ।

*सबै आम्दानी एउटै शीर्षकमा हुने गरेकाले समाचारबापत प्राप्त रकम छुट्टयाउन नसकिने मेट्रो एफएमका लेखापाल किरण ढकाल (यसअघि उनी समाचार शाखासँग सम्बद्ध) को भनाइ छ ।

आफूलाई समाचार च्यानलको रूपमा विकास गर्ने सोच बनाएको नेपाल एफएमको अवस्था भने फरक थियो । यसलाई प्राप्त हुने सबै विज्ञापन समाचारका कारण प्राप्त भएका थिए । २०६१ मङ्सिर १९ देखि सञ्चालनमा आएको यस एफएमले सञ्चालन भएको दुई महिना (२०६१ माघ १९) सम्म आठ लाख रुपियाँ आम्दानी गर्न सफल भएको नेपाल एफएमका तत्कालीन प्रबन्ध निर्देशक गोपाल गुरागाईंको भनाइ थियो ।[२५]

## समाचारका श्रोता

समाचारमाथि केन्द्रित हुँदै समाचारबारे केही श्रोताको विचार जान्ने प्रयत्न भएको थियो । केही प्रतिनिधि विचारहरू छानेर यहाँ राखिएका छन् ।[२६]

---

[२४] ज्ञवालीसँग २०६१ चैत २८ मा गरिएको कुराकानीमा आधारित ।

[२५] २०६१ फागुन ७ मा गोपाल गुरागाईसँग गरेको कुराकानीबाट ।

[२६] सबैसँग २०६२ असार १२ मा कुराकानी गरिएको हो ।

> रेडियोहरूले दिने समाचारबाट व्यापार गर्नेदेखि सवारीसाधन चलाउनेहरूसम्म पनि सुसूचित भएका थिए । व्यापार गर्नेहरूलाई व्यापारको कुरा, गाडी चलाउनेहरूलाई चक्काजाम र नेपालबन्दका कुराहरू अग्रिम रूपमा जानकारी दिएर हुन सक्ने सम्भावित दुर्घटनाबाट बचाएका थिए । जुन काम सरकारी सञ्चारमाध्यमले कहिल्यै गर्न सकेनन् ।
>
> –चिरन केसी, व्यापारी, महाराजगञ्ज ।

> मन्त्रीका भाषण मात्र प्रसारण गर्ने सरकारी सञ्चारमाध्यमलाई समाचार भनेको भाषण मात्र होइन, अरू कुरा पनि समाचार बन्छन् र समाजका हरेक गतिविधिहरू अवस्थाअनुसार समाचारको रूप ग्रहण गर्छन् चाहे त्यो क्षेत्रीय वा स्थानीय विषय नै किन नहोस् । श्रोताहरूले देखे-भोगेका घटनाहरू समाचार बन्न सक्छन् भन्ने पाठ एफएम रेडियोहरूले देखाउन सफल थिए ।
>
> –तेजप्रसाद दवाडी, उप-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय ।

> समाचार नहुँदा के-के नपुगेको अनुभव भइरहन्छ । पढेलेखेको जाने बुझेको मान्छेलाई मात्र समाचार चाहिने होइन । सबै खालका मान्छेलाई कहाँ के भयो भन्ने जानकारी चाहिएको हुन्छ, र त्यो जानकारी एफएम रेडियोहरूले नै दिन सकेका थिए । दिनदिनै भइरहने घटना मात्र नभई ज्ञान विज्ञानका कुरा पनि रेडियोहरूले प्रसारण गरेर धेरै गुन लगाउन सफल भएका थिए । सरकारी रेडियोले गर्नुपर्ने काम त यी रेडियोहरूले गरिदिएका छन् । सरकारी पदाधिकारीसमेत सरकारी काम कारबाहीका बारेमा बुझ्न पहिला एफएमका समाचार सुन्न स्टेसन टचुन गर्न थाल्थे ।
>
> -गायत्रीदेवी पाण्डे, शिक्षिका, बालाजु ।

नयाँ कुरा थाहा पाउने छिटो छरितो माध्यम नै रेडियोहरू भएका छन् । अमेरिकामा धेरैजसो मानिसहरू नयाँ कुरा रेडियोबाट नै थाहा पाउँथे । अझ ७० प्रतिशत युवा र गृहिणी महिलाहरूको समाचारको स्रोत नै रेडियो मानिन्छ (केथ र क्राउज सन् १९८६ः ११५-६) । सन् १९३० को दशकमा नै अधिकांश मानिसहरू मनोरञ्जनात्मक कार्यक्रमबाहेक समाचार पनि सुन्ने गर्दथे (भट्टाचार्य सन् २००१) । सन् १९८५ मा अमेरिकाको नेसनल एसोसिएसन अफ ब्रडकास्टिङले गरेको एक सर्वेक्षणले रेडियो नै मानिसका लागि सूचना प्राप्त गर्ने पहिलो माध्यम भएको तथ्य औंल्याउँदै ९७ प्रतिशत मान्छेले मनोरञ्जनको लागि र ७३ प्रतिशतले समाचारलाई महत्त्वपूर्ण मानेर रेडियो टचुन गर्ने गरेको तथ्याङ्क देखाइएको छ । यो तथ्याङ्कमा झन्डै ८० प्रतिशत कामकाजी महिलाले रेडियोको समाचार सुनेको दाबी पनि सो अध्ययनले गरेको छ । त्यस्तै रेडियो एडभरटाइजिङ ब्युरोले गरेको अर्को अध्ययनअनुसार ६० प्रतिशत परिपक्व युवाले पहिलो समाचार रेडियोबाट नै थाहा पाउँथे, जबकि १६ प्रतिशत प्रौढले पत्रिकाबाट र २१ प्रतिशतले समाचारको लागि टिभी टचून गरेका थिए । अमेरिकाका ९ हजारको सङ्ख्यामा रहेका

व्यापारिक रेडियोले कुनै न कुनै रूपमा समाचार दिने गरेका थिए (केथ र क्राउज सन् १९८६ः ९९-११६) ।

तर नेपाली सन्दर्भमा एफएम रेडियोको श्रोताबारे अध्ययनहरू भएको पाइँदैन । बरु नेपाली टेलिभिजन र रेडियो नेपालका समाचारबारे केही अध्ययन भएको पाइन्छ । अस्मिता महिला प्रकाशन गृहले गरेको एक अध्ययनअनुसार अधिकांश महिलाहरूले पहिला समाचार हेर्ने र दोस्रोमा सिरियल कार्यक्रम हेर्ने गरेको पाइयो (अस्मिता सन् २००३) । विगतमा भएका केही अध्ययनलाई हेर्दा समाचारका कार्यक्रम बढी सुनिने कार्यक्रममा पर्छन् । रेडियो नेपालले २०५४ मा गरेको सर्वेक्षणले अधिकांश श्रोताले समाचार सुन्छन् भन्ने देखाएको छ (मङ र घिमिरे सन् १९९७) । त्यस्तै सेडाले सन् २००४ मा गरेको नेपाल टेलिभिजनका लागि गरेको सर्वेक्षणअनुसार पनि करीब ९० प्रतिशतले समाचार सुन्ने गरेको देखिएको छ (सेडा सन् २००४) । एफएम रेडियोका समाचारबारे जानकारी दिने बृहत् श्रोता सर्वेक्षण भएको पाइँदैन । तर सोसल साइन्स बहाःद्वारा सञ्चालित इमर्सन कोर्षका दशौँ समूहका केही प्रशिक्षार्थीले सन् २००५ अगस्ट (२०६२ साउन/भदौ) मा एउटा श्रोता सर्वेक्षण गरेका थिए । रेडियोको समाचार र समाचारमूलक कार्यक्रमलाई केन्द्रविन्दुमा राखेर गरिएको उक्त सर्वेक्षणले एफएम रेडियोका समाचारले सूचना प्रवाहमा ठूलो भूमिका निर्वाह गरेको थियो । २०६१ माघ १९ को शाही कदमपछि समाचार प्रसारणमा रोक लगाइएकाले जनताको सूचनाको हक कुण्ठित भएको विश्लेषण पनि सर्वेक्षणमा गरिएको थियो । कुल ३०० जना उत्तरदातामध्ये ८५ प्रतिशतले समाचारमा लगाइएको रोकका कारण नागरिकको सुसूचित हुन पाउने हक कटौती भएको धारणा राखेका थिए । साथै समाचार र समाचारमूलक कार्यक्रमकै लागि एफएम रेडियो सुन्ने श्रोताको सङ्ख्या उल्लेख्य भएको पनि सर्वेक्षणको नतिजाले देखाएको थियो । ४५ वर्ष माथिका श्रोताहरूमा समाचार बन्दको प्रभाव मुख्य रूपमा परेको देखिन्थ्यो । ४५ वर्ष माथिका ३८ प्रतिशत सहभागीले समाचार बन्द गरिएपछि रेडियो सुन्न छोडेको सर्वेक्षणका क्रममा बताएका थिए भने ४५ वर्षभन्दा कम उमेरकामध्ये ५० प्रतिशतले रेडियो सुन्ने बानीमा कमी भएको बताएका थिए (नेपाली टाइम्स सन् २००५ः ११, सापकोटा र अरू सन् २००५) ।

सबै रेडियोले आ-आफ्ना श्रोता सङ्ख्या दाबी गर्ने गरेका पाइन्छन् । कस्ता व्यक्तिले रेडियो सुनेका छन्, कस्तो कार्यक्रम मन पराउँछन् भनेर जाँच्ने सरल संयन्त्र नभएका कारण यी नै यस रेडियोका श्रोता हुन् भन्ने अवस्था छैन । काठमाडौँको प्रसारण विराटनगर र पोखरामा पुग्ने भए पनि श्रोताको तर्फबाट

रेडियो कार्यक्रमलाई सुझाव दिने क्रम थोरै मात्र रहेको थियो । रेडियोको प्रभाव काठमाडौँमा उल्लेखनीय नै रहेको सबै स्टेसनले दाबी पनि गरेका थिए । अरू कार्यक्रमको तुलनामा समाचार र समाचारमूलक कार्यक्रमबाट नै धेरै जिज्ञासा र सुझावहरू आउने गरेका थिए । यस्ता सुझावहरू धेरैजसो भेटघाटमा र फोनबाट आउने गरेका थिए ।[२७] समाचारले नै धेरै मान्छेलाई आकर्षण गरेको थियो । कसले के भन्यो, कता के भयो, के भइरहेको छ भन्ने जस्ता प्रश्नहरू मनमा उब्जिने र त्यसको जबाफ समाचारबाटै थाहा पाउन सकिने हुँदा बढी श्रोताहरूलाई बाँधेर राख्न सकेको थियो ।

एफएम रेडियोको बढ्दो सङ्ख्यासँगै काठमाडौँका श्रोताहरूका लागि सूचना प्राप्तिको सहज विकल्प प्रशस्त रूपमा उपलब्ध भए । उपत्यकाभित्र प्रसारित झन्डै एकदर्जन एफएम स्टेसनबाट समाचार प्रसारण हुनु र त्यसमा पनि हरेक घण्टा राष्ट्रिय र अन्तर्राष्ट्रिय गतिविधिबारे श्रोताहरूले आफूलाई अपडेट गराइरहन पाउनु निश्चय पनि सुखद अवस्था थियो । एफएम रेडियो प्रसारणमा समाचारको सङ्ख्या र यसले ओगट्ने समय २०६१ माघ १९ अघिको स्थितिसम्म क्रमशः बढ्दै गएको थियो । अझ कुनै स्टेसन त आफूलाई पूर्णतः समाचार च्यानलका रूपमा नै स्थापित गराउने प्रयत्नमा थिए । यसरी समाचार प्रसारणमा बिस्तारै रेडियो स्टेसनबीच प्रतिस्पर्धा देखा पर्न थालेको थियो । फलस्वरूप समाचारको विषयवस्तुको दायरा बढ्ने र गुणस्तरमा सुधार हुँदै जाने सम्भावना थियो । नेपाली र अङ्ग्रेजीका अतिरिक्त नेवारी तथा तामाङ भाषाले पनि उपत्यकाका रेडियो समाचारमा प्रवेश पाएका थिए ।

## निष्कर्ष

२०६२ सालमा स्वतन्त्र एफएम रेडियो स्थापना भएको समय आठवर्ष पुगेपनि यसमा सक्रिय रूपले समाचार दिन थालिएको २०५६/५७ सालदेखि मात्र थियो । त्यसमाथि पनि सुरु सुरुमा दैनिक अखबारका प्रमुख समाचारहरू वाचन गर्ने तिर नै रेडियो स्टेसनहरू केन्द्रित रहे । पछि बिस्तारै आफ्नै संवाददाता राख्ने तथा आफ्नै बुतामा समाचारको सङ्कलन र उत्पादन गर्ने कार्यले गति पाउन थालेको हो । यस हिसाबले सबै स्टेसनहरू गर्दै र सिक्दै अगाडि बढेका थिए र धेरै कुरा सिक्न बाँकी नै थियो । तसर्थ समाचार प्रसारणमा धेरै कमी कमजोरीहरू सुधार गर्न बाँकी नै थिए । समाचारमा प्रत्यक्ष जनसरोकारका विषय जस्तैः सामुदायिक विकासमूलक गतिविधि कम प्राथमिकतामा पर्न पुगेको थियो ।

[२७] भरत शाक्य, रविन सिटौला र किरण ढकालसँगको कुराकानीबाट ।

राष्ट्रिय राजनीति त्यसमा पनि माओवादी द्वन्द्व नै एफएम रेडियोका समाचारमा हाबी हुन पुगेका थिए ।

राष्ट्रिय राजनीतिका अतिरिक्त हत्या, हिंसा, विस्फोट, दुर्घटना, लुटपाट मात्र प्राथमिकता पाउने समाचार हुन् भन्ने मानसिकताले रेडियो पत्रकारलाई गाँजेको देखिन्थ्यो । टोल समुदायमा भएका केही सकारात्मक गतिविधिहरूलाई समाचारमा कम प्राथमिकता दिइन्थ्यो र ती प्रायः निराशाजनक तस्बिरको छायाँमा पर्न पुग्थे । खोजमूलक समाचारको उत्पादन तथा विश्लेषण गर्ने वा फिचर समाचार बनाउनेतर्फ स्टेसनहरूको ध्यान पुग्न सकेको थिएन । यसमा रेडियो पत्रकारलाई मात्र दोष दिनुभन्दा पनि स्टेसनले आफ्नो जनशक्तिको विकासमा गरेको न्यून लगानी पनि कारक रहेको भन्न सकिन्छ । यसरी हेर्दा प्रायः सबै स्टेसनमा रेडियो पत्रकारिताको विकासका लागि जनशक्तिलाई आवश्यक सुविधा, तालिम र अध्ययनको अवसर नगण्य थिए । अर्को कुरा राज्यको तर्फबाट पनि एफएम रेडियोले कुनै किसिमको सहयोग पाउन सकेनन् । सञ्चालन इजाजत दिएपछि आफ्नो कर्तव्य पूरा भयो भनेर बस्यो । स्वतन्त्र रेडियो पत्रकारिताको प्रवर्द्धन गर्नुको साटो समाचार प्रसारण गर्न बन्देज लगाउने गरी अनेक सर्त तेर्स्याउनपट्टि राज्य उद्यत भयो । रेडियोको प्रभावकारी अनुगमन गर्ने संयन्त्र बनाउनेतर्फ सरकारले कहिल्यै ध्यान पुऱ्याएन । बरु २०६१ माघ १९ पछि त स्वतन्त्र रेडियो पत्रकारितालाई निमिटयान्न पार्न तर्फ राज्यको ध्यान केन्द्रित भयो ।

जे होस्, एफएम रेडियोहरूले केही कमीकमजोरीका बाबजुद स्वतन्त्र रेडियो पत्रकारिताको विकासमा केही सम्भावनाको सङ्केत देखाएका थिए । प्रारम्भिक दिन नै भएकाले नेपाली एफएम रेडियोले गर्दै र सिक्दै थिए । कतिपय अवस्थामा सरकारका तर्फबाट पूरा गर्नुपर्ने दायित्व पनि ती रेडियोहरूले नै गरिदिए । समाचारकै माध्यमबाट धेरै कुराहरू श्रोताहरूले थाहा पाउन सके । समाचारकै कारण श्रोताहरूको रेडियो सुन्ने बानीमा परिवर्तन आएको थियो । अर्थात् रेडियो सुन्नेको सङ्ख्या बढ्दो थियो । यसले समाचारको प्रभावकारिता धेरै छ भन्ने देखाउँछ । त्यसैले स्वतन्त्र रेडियोका समाचारलाई बाधा व्यवधान पुऱ्याउनेभन्दा यसलाई अझ बढी जनहितको पक्षमा उपयोग गर्नु आवश्यक देखिन आएको छ ।

## अध्ययनमा सम्पर्क गरेका व्यक्तिहरू

| | | |
|---|---|---|
| १. | आरके मानन्धर | लगानीकर्ता, इमेज एफएम |
| २. | कनक दीक्षित | पत्रकार तथा प्रकाशक, *हिमाल* खबरपत्रिका |
| ३. | कमल प्रधान | प्रबन्ध निर्देशक, रासस |

| | | |
|---|---|---|
| ४. | किरण ढकाल | लेखापाल, मेट्रो एफएम |
| ५. | गायत्रीदेवी पाण्डे | शिक्षिका |
| ६. | गोपाल गुरागाईं | प्रबन्ध निर्देशक, कम्युनिकेसन कर्नर |
| ७. | घमराज लुइँटेल | कार्यक्रम तथा समाचार निर्देशक, रेडियो सगरमाथा |
| ८. | चिरन केसी | व्यापारी |
| ९. | जया लुइँटेल | कार्यक्रम निर्माता, रेडियो सगरमाथा |
| १०. | तेजप्रसाद दवाडी | उप-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर |
| ११. | दीपेन्द्र भण्डारी | पूर्व समाचार संयोजक, मेट्रो एफएम |
| १२. | नारायण भण्डारी | समाचार संयोजक रेडियो एचबीसी |
| १३. | पुनम पौडेल | पूर्व संवाददाता, रेडियो एचबीसी |
| १४. | प्रभात रिमाल | स्टेसन म्यानेजर, कान्तिपुर एफएम |
| १५. | भरत शाक्य | स्टेसन म्यानेजर, इमेज एफएम |
| १६. | मन्टेश्वरी राजभण्डारी | कम्युनिकेसन कर्नर |
| १७. | मोहन विष्ट | स्टेसन म्यानेजर, रेडियो सगरमाथा |
| १८. | यज्ञप्रसाद बडाल | स्टेसन म्यानेजर, मेट्रो एफएम |
| १९. | रघु मैनाली | संयोजक, सामुदायिक रेडियो सहयोग केन्द्र |
| २०. | रविन सिटौला | स्टेसन म्यानेजर, रेडियो एचबीसी |
| २१. | रवीन्द्र मिश्र | डेस्क सम्पादक, बीबीसी रेडियो नेपाली सेवा, लण्डन |
| २२. | विनय कसजू | निर्देशक, मिडिया सर्भिसेज इन्टरन्यासनल |
| २३. | विनोदराज ज्ञवाली | प्रबन्ध निर्देशक, कान्तिपुर एफएम |
| २४. | शरदराज गौतम | पूर्व स्टेसन म्यानेजर, कान्तिपुर एफएम |
| २५. | शिव गाउँले | डेस्क प्रमुख, *हिमाल* खबरपत्रिका |
| २६. | श्रीराम पौडेल | कान्तिपुर एफएम |
| २७. | सीके लाल | राजनीतिक विश्लेषक |
| २८. | सोमराज पोखरेल | डेस्क सम्पादक, इमेज एफएम |
| २९. | हरिशरण लामिछाने | पूर्व स्टेसन संयोजक, रेडियो एचबीसी |
| ३०. | हेमबहादुर विष्ट | निर्देशक, मिडिया सर्भिसेज इन्टरन्यासनल |